जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३३५ • २०८३ साल बैशाख २१ गते सोमबार (4 May, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## ब्यूटी पार्लरमा आगलागी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको शिव चोकस्थित जिनी ब्यूटी पार्लरमा आइतवार साँझ करीब ८ बजेतिर आगलागी भएको छ। सो आगलागीमा परी के कति क्षति भएको भन्ने बारे समाचार लेख्दासम्म यकिन विवरण आउन सकेको छैन।

पार्लर बन्द रहेको अवस्थामा आगलागी भएको कारण के कति कारणले आगलागी भएको बारे खुल्न नसके पनि विद्युत शर्ट भएर आगलागी हुनसक्ने धनुषा प्रहरीले जनाएको छ। धनुषा प्रहरीका प्रवक्ता गणेशबहादुर बमले आगो के कति कारणले लागेको हो बारे अहिलेसम्म खुलेको छैन तर विद्युत शर्टले हुन सक्ने प्रारम्भिक अनुसन्धानमा देखिएको बताएका छन्।

जनकपुरधाम उपमहानगरपालिकाको बारुण यन्त्रले प्रहरी र स्थानीयको सहयोगमा सो आगो नियन्त्रणमा लिइएको जनाइएको छ। बारुण यन्त्र नआएको अवस्थामा पसल सञ्चालकका आफन्त र स्थानीय युवाहरु पसलको सिसा फुटाएर आगो निभाउने प्रयास गरेका थिए। दुई/दुईवटा वारुण यन्त्र समयमै पुग्दा आगो नियन्त्रणमा लिई थप क्षतिबाट जोगिएको स्थानीयहरुले जानकारी दिएका छन्।

### मधेश प्रदेशमा राजनीतिक सरगर्मी बढ्यो

# सरकार परिवर्तनको गृह कार्य, यसै हप्ता परिवर्तनको संकेत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा राजनीतिक सरगर्मी बढेको छ ।यसै हप्ता सरकार परिवर्तन हुने संकेत देखिएको छ।

नेपाली कांग्रेसलाई बाहिर राखेर सरकार बनाउने गणित मिलाउन नेताहरु जुटेका छन् ।मधेश प्रदेश सरकारमा फेरि एमालेको पुनरागमन हुने देखिन्छ ।तर सरकारको नेतृत्व भने अन्य दलले गर्ने स्रोतले जनाएको छ।

५ महिना मुख्यमन्त्रीको रुपमा रहेका नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता कृष्ण प्रसाद यादवलाई पदच्यूत गर्ने अन्तिम तयारी भइसकेको छ।

उच्च स्रोतका अनुसार सरकार फेर्ने विषयमा राजनीतिक सहमति जुटिसकेको छ ।हाल सरकारमा रहेका दलहरु मध्ये जनता समाजवादी पार्टी(जसपा)नेपाल र जनमत पार्टी नयाँ बन्ने सरकारमा समेत सहभागी रहने स्रोतले जनाएको छ।

मधेश प्रदेशमा कुल १ सय ७ जना सांसद छन् ।ती मध्ये २ जना निलम्बनमा परेका छन् ।१ जना संघीय सांसदमा निर्वाचित भएका छन् ।राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)की एकमात्र सांसद पदमुक्त भइसकेकी छन् ।चार जनाले प्रतिनिधि सभामा चुनाव लड्न प्रदेश सभाबाट राजीनामा गरेकाले मधेश प्रदेशमा १ सय जना सांसद मौजुद छन् ।त्यसमध्ये १ जना सभामुख छन् ।तर पनि सरकार गठनका लागि कम्तीमा ५४ जना सांसद चाहिन्छ।

प्रदेश सभामा हाल एमालेका २४ जना, नेपाली कांग्रेसका २२ जना, जनता समाजवादी पार्टी(जसपा)नेपालका १८ जना, जनमत पार्टीका १२ जना, लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)का ८ जना, नेकपा माओवादी केन्द्रका ७ जना, नेकपा एसका ७ जना नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीको १/१ जना गरी १ सय जना रहेका छन्।




जसपा नेपाल र लोसपा एकजुट हुँदा मधेश प्रदेशमा सबै भन्दा ठूलो दल बनेको छ ।त्यसको संख्या २६ पुगेको छ ।त्यसैगर नेकपा माओवादी र नेकपा एस मिलेकोले संख्या १४ पुगेको छ ।त्यसले जनमत पार्टीलाई वरियतामा उछिन्नेको छ।

स्रोतहरुका अनुसार जसपा नेपालको २६ र नेकपा एमालेको २४, जनमत पार्टीको १२ समेत गरी ६२ जना सांसदको समर्थनबाट नयाँ सरकार गठनको गृहकार्य सुरु भइसकेको छ।'नयाँ सरकार गठनको लागि दलहरुबीच सहमति भइसकेको छ 'स्रोतले भने, सहमति भइसकेकोले यसै हप्ता मुख्यमन्त्री यादव बिरुद्ध प्रदेश सभामा बहुमत सिद्ध गर्ने चुनौती दिइने छ।

स्रोतहरुका अनुसार नेपाली कम्युनिष्ट पार्टी(नेकपा)(माओवादी र एस)ले एमाले सहभागी सरकारमा नजाने धारणा प्रष्ट गरिसकेको छ।

नेपाली कांग्रेसबाट मुख्यमन्त्री रहेका कृष्णा यादव बिरुद्ध कांग्रेसकै सांसदहरु लागेपछि राजनीतिक सरगर्मी बढेको छ ।मुख्यमन्त्रीबाट यादवलाई विस्थापित गर्न विपक्षी दलहरुसित कांग्रेस संस्थापन पक्षका सांसदहरुको मिलिभगत देखिएको छ।

नेकाँका नेता यादव नेतृत्वको सरकारमा जसपा नेपाल, लोसपा, नेकपा एस, माओवादी केन्द्र, जनमत पार्टी सहभागी रहेको छ ।तर अब बन्न लागेको सरकारमा नेकाँ, नेकपा एस र माओवादी केन्द्र सहभागी रहने छैनन् ।सघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीकी सांसद पनि सरकारको पक्षमा लाग्ने बताइएको छ।

यादव मुख्यमन्त्री बनेदेखि प्रदेशमा सरकार नै नरहेको आरोप लागेको छ ।सरकार भ्रष्टाचारमा चुर्लुम्म डुबेको आरोप सांसदहरुले नै लगाउन थालेका छन् । निर्माण तर्फको कार्यमा बढ्दो महँगीले उपभोक्ता मार्फत कार्य गर्ने ठेकेदारहरुले चासो नदेखाएपछि सप्लायर्ससितको सक्रियता सरकारले बढाएको छ ।कमिसन असुल गर्न मधेश भवन बाहिर बहालमा कोठा लिएको छ।

५ महिनाको अवधिमा मुख्यमन्त्री यादवले कुनै उल्लेख्य कार्य गर्न सकेका छैनन् ।उपभोक्ताबाट कार्य नगर्ने निर्णय गरेका मुख्यमन्त्रीले पुनःत्यसलाई उल्ट्याएर उपभोक्ता मार्फत २५ लाख सम्मको कार्य गरेका छन्।

प्रदेशमा कमिसन आउने बाहेकको काममा रकम खर्च भएको छैन् ।प्रदेशको बजेट निर्माण गर्नुपर्ने बेला सरकार कमिसनको लागि अझै बजेट रोकेको छ ।नयाँ बजेटको कार्य प्रारम्भ नै भएको छैन्।

सरकारको नेतृत्वकर्ता नै कमिसनमुखी र बजेट निकासा दिने निकाय त्यसमा संलग्न रहेकाले साढे तीन वर्षमा सबै भन्दा कमजोर साबित भएको छ।

दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्री सरोज कुमार यादव(जसपा नेपाल), दोस्रो मुख्यमन्त्री सतीश कुमार सिंह(जनमत), तेस्रो मुख्यमन्त्री जितेन्द्र सोनल(लोसपा), चौथो मुख्यमन्त्री सरोज कुमार यादव(नेकपा एमाले) र पाँचौ मुख्यमन्त्री कृष्णा यादव रहेका छन् ।त्यसमध्ये सबै भन्दा कमजोर र कमिसनमुखी मुख्यमन्त्री कृष्णा यादव नै रहेको आरोप लाग्न थालेको छ।

सरकारले अहिले अग्रिम कमिसन लिएर मात्र काम गरिरहेको बताइन्छ ।बिचौलियाहरुको सक्रियता निकै बढेको छ ।मन्त्रालय र आवास भन्दा बहालको घरमा कमिसनको डिलिंग हुने गरेको छ।

# कहिले पाउँला भरी ग्यास सिलिण्डर ?

**टुडे समाचारदाता**

जनकपुरधाम । आधा सिलिन्डर भर्ने व्यवस्थासँगै बजारमा खाना पकाउने ग्यासको अभाव टर्दै गए पनि पूर्ण ग्यास सिलिण्डर कहिले पाउने हो भन्ने अन्योलता बढ्दै गएको छ।

हुन त ग्यास व्यवसायीहरू अब पूरै सिलिन्डर ग्यास भरेर बजारमा दिइने बताइरहेका छन् । तर नेपाल आयल निगमले भने पूरा सिलिन्डर ग्यास दिने कुनै आधिकारिक निर्णय गरेको देखिदैन।

अन्तर्राष्ट्रिय बजारमा आपूर्ति शृंखला खलबलिएसँगै चुलिएको खाना पकाउने ग्यासको अभाव एकाएक चर्किदा केही दिनसम्म ग्यासकको कृत्रिम अभाव नै सिर्जना भयो । चौतर्फी दबाव बढ्न थालेपछि ग्यास वितरणमा सरकारी तवरबाट कडाइ भएपछि सहजीकरण त भयो तर आपूर्ति पूर्ण भएको छैन।

कतिपय उपभोक्ताले आधा दर्जनसम्म सिलिन्डर भरेर लैजान थालेपछि विक्रेताले ग्यास पुऱ्याउनै नसकेको बताए । कैयौँले भने एक सिलिन्डर भर्न चारपाँच दिन बढी कुर्नु परिरहेको थियो।

व्यवसायीले ग्यास लुकाएकोदेखि उपभोक्ताले थुपारेर सञ्चिती बढाएकोसम्म चर्चा भयो । पश्चिम एशियामा बढ्दो द्वन्द्वका कारण इन्धनको विश्वव्यापी संकटको प्रभाव नेपालमा पनि परेको थियो । समस्या बढ्दै गए संकट झन् चुलिनसक्ने अवस्था आउने भएकाले आयल निगमले आधा सिलिन्डर अर्थात् ७.१ केजीमात्र भर्ने व्यवस्था नै लागु गऱ्यो।

शुरुमा आधा सिलिन्डर भरेका उपभोक्ता अब भने आधा ग्यास लिन झन्झट मानिरहेका छन्। जसले गर्दा, दुई महिना अघिसम्म खाली सिलिन्डरका लामो लाइन देखिने डिलरहरूमा अहिले उपभोक्ता ग्यास भर्नेभन्दा 'पूरै ग्यास कहिले आउँछ ?' भनेर सोध्न पुगिरहेका हुन्छन्।

ग्यास व्यवसायीहरू पनि पूरै १४.२ केजीको सिलिण्डर बिक्री गर्न सक्ने बताइरहेका छन् तर निगम निष्कर्षमा पुग्न सकेको छैन । निगमले अहिले भरी ग्यास वितरणको निर्णय नगरिएको बताइ रहेको केही ग्यास विक्रेताहरुले नजिकका मान्छेलाई भरी ग्यास पनि दिने गरेको बुझिएको छ । श्रोतका अनुसार केही फर्जी



उपभोक्ताको नाममा ग्यास बचाउने र सो ग्यास अर्को सिलिण्डरमा पल्टी गरी भरी ग्यास दिने गरिएको छ।

भरी ग्यास दिनमा नेपाल आयल निगम आनाकानी गरिरहेको छ । निगमका उपनिर्देशक/प्रवक्ता मनोज कुमार ठाकुर अहिले भरी ग्यास भरेर दिने नदिने सन्दर्भमा कुनै निर्णय भइनसकेको अहिले दिन सक्ने अवस्था नरहेको बताउँछन्।

'छलफलकै क्रममा छौं, अहिलेसम्म केही निर्णय भएको छैन', उनले भने, 'तत्काल पूरै ग्यास दिएर लामो समय धान्न सकिन्छ या सकिदैन र खपत धान्न नसक्ने अवस्था आए कस्तो असर पर्छ भनेर निगमले विश्लेषण गर्दै छ, त्यही आधारमा निर्णय गरिनेछ।'

हाल आधा सिलिन्डर ग्यास भरेर दिएकाले बजारमा केही सहज जस्तो देखिएको प्रवक्ता ठाकुरको भनाइ छ। तर पश्चिम एसियाको युद्ध अझै टुंगिनसकेकोले केही समय कुरेर मात्र निर्णय गर्ने तयारी निगमको छ।

'भरी ग्यास दुईचार दिन मात्र दिन सकेर हुँदैन, पछि दिन नसक्ने अवस्था आए के गर्ने ?' उनले थपे, 'त्यसैले सबै पक्ष केलाएर मात्र निगमले निर्णय गर्छ।'

उनका अनुसार अहिले पनि ग्यास मागअनुसार नियमित आपूर्ति भइरहेको छ तर बजारमा खपत र बिक्रीको सन्तुलन देखिँदैन । निगमले ठूलो परिमाणमा आपूर्ति गर्दासमेत अभाव देखिएको बजारमा अहिले ग्यास थुप्रिएको छ। यसबारे निगमले अध्ययन गरिरहेको जनाएको छ।

'विगतमा ५० हजार मेट्रिक टन ग्यास आउँदा पनि पुगेको थिएन, अहिले ३५ हजार टन आउँदा पनि ग्यास व्यवसायीहरू बढी भयो भनिरहेका छन्, के हो बुझ्नै सकिएन', प्रवक्ता ठाकुरले भने, 'हतारमा निर्णय गर्दा बजारमा फेरि ग्यास अभाव हुन सक्ने भएकाले निगमले यसबारे निर्णय लिएको छैन।'

उनका अनुसार अप्रिल महिनामा करिब ३४-३५ हजार मेट्रिक टन खाना पकाउने ग्यास भित्रिएको छ । नेपालमा मासिक औसत ४५ देखि ४६ हजार मेट्रिक टन ग्यासको माग रहेकोमा कुल मागको करिब ४० प्रतिशत खपत काठमाडौँ उपत्यकामा मात्र हुने गरेको निगमले जनाएको छ।

आयातमा निर्भर हुनुपर्दा अन्तर्राष्ट्रिय बजारमा आपूर्ति अवरोधको असर सिधै नेपालमा पर्ने गरेको छ । त्यसमाथि बजारमा अभावको हल्ला चलेपछि उपभोक्ताले ग्यास सिलिन्डर थुपारेर सञ्चिती बढाउने, केही विक्रेताले गडबडी गर्ने जस्ता कारण पनि अभाव चुलिने गरेको देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा नेपाली उपभोक्ता समेत मूल्यवृद्धिको मारमा पर्दै आएका छन्।

ग्यासको समेत मूल्य बढेको छ। यसअघि आधा सिलिन्डर ग्यासको १ हजार ५ रुपैयाँ पर्थ्यो । निगमले गत शुक्रबारदेखि लागु हुने गरी प्रतिसिलिन्डर १५० रुपैयाँ बढाएको छ । सो अनुसार अब पूरा सिलिन्डर (१४.२ केजी) को २ हजार १६० रुपैयाँ र आधा (७.१ केजी) को १ हजार ८० रुपैयाँ पर्न गएको छ।




# नेपाल-भारत सीमामा मदिरा तस्करी

टुडे समाचारदाता

बारा । बारा जिल्लासँग जोडिएको नेपाल-भारत सीमाक्षेत्रमा मदिरा तस्करी नियन्त्रणका क्रममा भारतीय सुरक्षाकर्मीले दुई छुट्टाछुट्टै कारबाही गर्दै चार जनालाई पक्राउ गरेका छन् ।

प्राप्त सूचनाको आधारमा भारतीय सीमा सुरक्षा बल एसएसबी ७१ औं बटालियन, मोतिहारीले बिहार पुलिस सँग मिलेर आइतबार दुई फरक स्थानमा विशेष अपरेसन सञ्चालन गरेको हो । एसएसबि मुख्यालय पिपराकोठीका सहायक कमान्डेन्ट बिश्वजित तिवारीका अनुसार पहिलो कारबाही दिउँसो करिब १२ :४५ बजे 'डी' कम्पनी (बीओपी मुर्तिया टोला) र आदापुर प्रहरीको संयुक्त टोलीले सञ्चालन गरेको थियो ।

उक्त क्रममा इस्लामपुर गाउँ नजिक, सीमा स्तम्भ नम्बर ३८२/२१ बाट करिब ५०० मिटर भारततर्फको क्षेत्रमा ४१ बोतल 'कस्तुरी' मदिरा र ५ लिटर कच्ची मदिरा बरामद गरिएको छ। सोही घटनामा २४ वर्षीय साफीक आलम, ३० वर्षीय सरोज माझी र ६० वर्षीय पाचु माझी पक्राउ परेका छन् ।

यसैगरी दोस्रो कारबाही साँझ करिब ४:१० बजे 'ए' कम्पनी, अठमोहान र झरौखर प्रहरी चौकीको संयुक्त टोलीले गरेको थियो। उक्त अपरेसनमा ७५० एमएलका १ बोतल, ३७५ एमएलका ३ बोतल र १८० एमएलका २ बोतल 'ब्ल्याक ओक' मदिरा, ३०० एमएलका २ बोतल 'एम्बिसन' नेपाली मदिरा तथा ३०० एमएलका ३० बोतल 'कस्तुरी' मदिरा बरामद गरिएको प्रवक्ता बिनित कुमार सिंहले बताए।

उक्त घटनामा बाराको स्वर्ण गाउँपालिका-जमुनिया टोल निवासी ३३ वर्षीय सन्जय (सनोज) प्रसाद यादवलाई बीआर२२एस ७२२९ नम्बरको मोटरसाइकलसहित पक्राउ गरिएको छ। बरामद सामग्री अथमोहन गाउँ नजिक, सीमा स्तम्भ नम्बर ३५८/०५ बाट करिब ४०० मिटर भारततर्फ फेला परेको जनाइएको छ । प्रारम्भिक अनुसन्धान अनुसार दुवै घटनामा मदिरा नेपालबाट भारततर्फ तस्करी गरी लैजाँदै गरिएको थियो । पक्राउ परेका सबै व्यक्ति तथा बरामद सामग्रीलाई आवश्यक अनुसन्धानका लागि सम्बन्धित आदापुर र झरौखर प्रहरी कार्यालयमा बुझाइएको जनाइएको छ ।



# सहकारी अध्यादेशमा नातेदारलाई पनि समेटियो

टुडे समाचारदाता

जनकपुरधाम । सरकारले संशोधित सहकारी ऐन अध्यादेशमा दोषी देखिएकाहरुको नातेदार र परिवारलाई समेत कारवाही प्रक्रियामा समेटेको छ ।

सरकारले जारी गरेको सहकारी ऐन २०७४ लाई तत्काल संशोधन गर्न 'सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३' मा यस्तो व्यवस्था गरेको हो । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश प्रमाणीकरण भएर कार्यान्वयनमा आएको हो ।

सहकारीमा हुने स्वार्थको द्वन्द्व रोक्न अध्यादेश मार्फत परिवार र नातेदारको परिभाषालाई व्यापक बनाइएको छ । अब सदस्यका विवाहित छोरी-ज्वाइँ, दाजु-भाउजू, भाइ-बुहारीदेखि काका-काकी, मामा-माइजू, र साला-सालीसम्मलाई नातेदारको घेरामा राखिएको छ ।

अध्यादेशमा परिवारमा पत्नी, पती, छोरा, छोरी, बुहारी, ज्वाइँ, धर्मपुत्र र धर्मपुत्री, बाबु आमा, सौतेनी आमा र आफैँले पालन पोषण गर्नुपर्ने दाजु, भाउजू, भाइ, भाइ बुहारी, दिदी र बहिनीसम्मलाई समेटेको छ ।

पुरुष सदस्यको हकमा बाजे, बज्यै, सासू, ससुरा तथा महिला सदस्यको हकमा उनका सासू-ससुरालाई समेत समेटिएको छ । यसअघि एनमा सासु ससुरा र बाजे बज्यै परिवारको परिभाषाभित्र थिएनन् । अब सहकारीको सञ्चालकले बदमासी गरे सासु ससुरा पनि तानिन सक्नेछन् ।

डिभोर्स गरेका पति पत्नीले पनि सहकारी ठगीमा उन्मुक्ति नपाउने भएका छन् । खण्ड घ (३) मा निश्चित अवस्थामा डिभोर्सी जोडी पनि तानिने व्यवस्था गरिएको छ ।

संशोधित ऐनमा लगातार दुई वर्षसम्म कारोवार नगरी निस्क्रिय रहेको, यो ऐन र यस ऐन अन्तरगत बनेको नियमावली विपरित कार्य गरेको, लिक्वीडेसनमा गएको वा खारेजी भएको र समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यको हकमा अंशबण्डा गरी, मानो छुट्टिई वा सम्बन्ध विच्छेद भई बसेको सदस्य पनि परिवारभित्र पर्नेछन् ।

सहकारी ठगीबाट उम्किन नक्कली डिभोर्स गर्ने परिपाटीलाई निस्तेज तुल्याउन यो व्यवस्था गरिएको हो । समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यको हकमा अंशबन्डा गरी मानो छुट्टिई वा सम्बन्ध विच्छेद भई बसेको परिवारको सदस्य पनि समेटिएको छ ।




नातेदार भन्नाले काका, काकी, भतिजा, भतिजी, नाति, नातिनी, बुहारी, मामा, माइजू, भिनाजु, ज्वाइँ, भान्जा, भान्जी, साला, साली, जेठान, जेठानी, फुपू, फुपाजु, नातिनी ज्वाइँ, भिन्न भएका सासू, ससुरा, दाजु, भाइ, भाउजू, भाइ, बुहारी र उनका एकाघरका सदस्य बुझ्नुपर्नेछ । यस शब्दले आफू सदस्य रहेको सहकारी संस्थामा काम गर्ने कर्मचारीलाई समेत जनाउने उल्लेख छ ।

बचत फिर्ता गर्न चक्रीय कोष

सहकारी समस्याग्रस्त घोषणाको सिफारिस गर्नुअघि रजिष्ट्रार वा प्राधिकरणले सम्बनधीत सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, जिम्मेवारी कर्मचारी, लेखा सुपरिवेक्षण समितिका सदस्यहरू, ऋण उपसमिति लगायतका जिम्मेवार व्यक्तिहरू र हिनामिना तथा हानी नोक्सानीमा संलग्न देखिएका अन्य व्यक्तिहरूको चल अचल सम्पत्ति, कारोबार, बैंक खाता, शेयर रोक्का राख्ने तथा ऋण तमसुक, विद्युतीय अभिलेखसमेत नियन्त्रणमा लिई वा रोक्का गरी विदेश यात्रामा समेत प्रतिबन्ध लगाउनु पर्नेछ ।

प्रदेश र स्थानीय तहको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरी कारबाही अघि बढाउने सम्बन्धी प्रदेश र स्थानीय तहको कानून बमोजिम हुनेछ ।

अध्यादेशमा सहकारीमा रकम फसेका बचतकर्ताहरूको रकम फिर्ता गर्ने सरकारी रकमसहितको कोष स्थापना गर्ने उल्लेख छ । समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्ने प्रयोजनका लागि व्यवस्थापन समितिमा सरकारले एक चक्रीय राहत कोषको स्थापना गर्नेछ । यो कोषमा सरकारबाट प्राप्त हुने रकम, सम्बन्धित संस्थाबाट शोधभर्ना बापत फिर्ता भएको रकम र अन्य स्रोतबाट प्राप्त रकम भनेर उल्लेख गरिएको छ ।

वाणिज्य बैंकमा कोषको छुट्टै खाता खोलेर रकम जम्मा गर्नु पर्ने र जसको छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ । यो खाताको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछैन । कोषमा सरकारबाट प्राप्त रकम बचत जम्मा गर्दाका बखत निर्धारित सर्त बमोजिम सदस्यहरूलाई बचत भुक्तानी बाहेक अन्यमा प्रयोग गर्न नपाइने सर्त राखिएको छ ।

सरकारले कोषका लागि दिएको रकम पछि समस्याग्रस्त संस्थाको ऋणीको चल अचल सम्पत्ति र अन्य स्रोतबाट असुली भएपछि क्रमशः शोधभर्ना गर्ने प्रावधान अध्यादेशमा राखेको छ ।

अध्यादेशमा समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापनमा लाग्ने खर्च संस्था वा संघको सम्पत्तिबाट व्यहोर्ने ऐनमा भएको व्यवस्थासँगै सहजीकरणको लागि तत्काल असुल गर्न नसके संघ र संस्थाबाट असुल्ने प्रयोजनका लागि आवश्यक रकम सरकारले उपलब्ध गराउनेछ । अध्यादेशले राष्ट्रिय सहकारी नियमन प्राधिकरणकरणलाई थप शक्तिशाली बनाएको छ । अब बचत तथा ऋण सहकारी संस्थाको हकमा प्राधिकरणको पूर्व स्वीकृतीपत्र समेत संलग्न गर्नुपर्नेछ । यस्ता सहकारीले प्राधिकरणबाट कार्य सञ्चालन इजाजतपत्र लिनु पर्नेछ । जुन एक वर्षभित्र इजाजत लिनु पर्ने र वर्षेणी नवीकरण गर्नुपर्नेछ ।

सहकारीहरूले नियम विपरीत काम गरेमा वा प्राधिकरणले दिएको निर्देशन पालना नगरेमा या सदस्यको हित विपरीत कार्य गरेमा प्राधिकरणसमक्ष पेश गर्नुपर्ने आर्थिक तथा कारोबार सम्बन्धी नविवरण पेस नगरेमा प्राधिकरणले अवधि तोकी त्यस्तो सहकारी संस्थाको अनुमति पत्र निलम्बन गर्न सक्नेछ ।

प्राधिकरणलाई नियमन र नियन्त्रणमा बलियो संयन्त्र बनाउन अध्यादेशमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीको हिसाबको जाँच गर्न भनिएको छ। अध्यादेशले बचत तथा ऋणको कारोबार गर्ने सहकारीले निक्षेप तथा कर्जा रक्षण कोषको सुरक्षित सदस्यता लिएर बचत तथा कर्जाको सुरक्षण गर्नु पर्ने व्यवस्था गरेको छ।

**कारोबारमा रोक**

लामो समयदेखि वित्तीय कारोबार गर्दै आएका सहकारीका संघहरुलाई कारोबारमा रोक लगाइएको छ। सरकारले जारी गरेको अध्यादेशमा संघहरुले कारोबार गर्न नपाउने व्यवस्था गरेको हो । अध्यादेशमा भनिएको छ- सहकारी संघहरुले बचत तथा ऋणको कारोबार गर्न सक्ने छैनन् । अहिले बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी संघहरुले तीन वर्षभित्र उक्त कारोबार बन्द गर्नुपर्ने भनिएको छ ।

त्यस्तै, नयाँ व्यवस्था अनुसार प्रचलित लेखामानको व्यवस्था अनुसार नाफा नोक्सान हिसाबमा भूत प्रभावी संशोधन गर्नु परेमा त्यस्तो संशोधनको प्रभाव स्वरूप बचत (नाफा) वृद्धि हुने भएमा सो हदसम्म जगेडा कोषमा समेत संशोधन गर्नु पर्नेछ । बचत तथा ऋणको कारोबार गर्ने सहकारीले निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्यता लिई बचत तथा कर्जाको सुरक्षण गर्नुपर्नेछ ।

# प्रधानमन्त्री बालेनप्रति दलित आक्रोशित

टुडे समाचारदाता

काठमाण्डू । प्रधानमन्त्री बालेन्द्र शाहप्रति दलित समुदायले आक्रोश व्यक्त गर्दै काठमाण्डूमा आन्दोलन सुरु गरेका छन् ।

आइतबार काठमाण्डूको माइतीघर मण्डलामा भेला भएका उनीहरूले सिन्धुलीका श्रीकृष्ण विश्वकर्मालाई न्याय दिनुपर्ने माग राख्दै प्रधानमन्त्री शाहको आलोचनासहित प्रदर्शन गरेका हुन् ।

सिन्धुलीको खुर्कोट प्रहरी कार्यालयमा शंकास्पद रूपमा मृत्यु भएका श्रीकृष्णका आफन्तले भेट्न प्रयास गर्दा पनि प्रधानमन्त्रीले समय नदिएपछि आफूहरू सडकमा उत्रिनुपरेको उनीहरूले बताएका छन् ।

संयुक्त दलित राजनीतिक सङ्घर्ष समितिका संयोजक दलजित श्रीपालिले श्रीकृष्णको प्रहरी चौकीमै हत्या भएको आरोप लगाउँदै त्यसको निष्पक्ष छानबिनका लागि सरकारलाई दबाब दिए । प्रधानमन्त्री शाह आफैं गृह र रक्षामन्त्रीसमेत रहेको अवस्थामा पीडित परिवारले न्यायको गुहार माग्न जाँदा भेट्नसमेत नपाउनु गम्भीर विषय भएको उनको भनाइ छ ।



संयोजक श्रीपालिले सरकारले गठन गरेको छानबिन समितिप्रति आशङ्का व्यक्त गरे । प्रहरी र प्रमुख जिल्ला अधिकारी गृह प्रशासनकै अंग भएकाले गृह प्रशासनकै मातहतबाट बनेको समितिले निष्पक्ष प्रतिवेदन ल्याउनेमा आफूहरूलाई विश्वास नरहेको उनले बताए । घटना खुर्कोट प्रहरी चौकीमै भएकाले छानबिन पनि त्यहीँबाटै सुरु हुनुपर्ने र परिवारका सदस्यले न्यायका लागि मुद्दा दर्ता गर्न पाउनुपर्ने उनको माग छ ।

विरोध प्रदर्शनका क्रममा सहभागीहरूले दलितमाथि हुने सबै प्रकारका हत्या र हिंसाको अन्त्य गर्न माग गर्दै सरकारविरुद्ध चर्को नाराबाजी गरेका थिए । न्याय प्राप्तिको लडाइँमा सरकार जिम्मेवार नबने आन्दोलन थप कडा बनाउने उनीहरूले चेतावनी दिएका छन् ।

## पुनम यादव राजनीतिबाट अलग भईन

टुडे समाचारदाता

रौतहट । नेपाल कम्युनिस्ट पार्टी(नेकपा) की नेतृ पुनम यादवले दलीय राजनीतिबाट अलग हुने घोषणा गरेकी छन् ।

लामो समयसम्म नेपालको कम्युनिस्ट राजनीतिमा सक्रिय यादवले आइतवार सामाजिक सञ्जालबाट विज्ञप्ति जारी गर्दै आफू तत्कालका लागि दलीय राजनीतिबाट टाढा रहनका लागि बिदा लिइएको जानकारी दिइन् ।

"नेपाल कम्युनिस्ट पार्टीमा १० वर्षभन्दा बढीको यात्रामा म इमानदार भएर बसे र काम गरेँ, तर अब यो यात्रा आजका दिनबाट विभिन्न कारणले गर्दा टुङ्गिएको छ", उनले भनेकी छन्, "अबका दिनबाट म कुनै पनि राजनीतिक दल वा समूहमा संलग्न नभई स्वतन्त्र रहेर काम गर्ने घोषणा गर्दछु, यो यात्रामा साथ, माया, हौसला दिनुहुने सम्पूर्णलाई हार्दिक धन्यवाद ।"

यादव गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट रौतहट-३ बाट उम्मेदवार थिइन् ।

नेपाल र भारत सम्बन्ध बलियो बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएकी यादवको भारतीय हिन्दु धर्मगुरु र बलिउड कलाकारहरूसँग राम्रो सम्बन्ध छ ।

# सुशासन र जनविश्वासका लागि स्वतन्त्र प्रेस अपरिहार्यः सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनाले स्वतन्त्र प्रेसबिना सुशासन, पारदर्शिता र जनविश्वास मजबुत हुन नसक्ने बताउनुभएको छ । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आइतबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले स्वतन्त्र, निष्पक्ष र जिम्मेवार प्रेसलाई लोकतन्त्रको आधारस्तम्भका रूपमा व्याख्या गर्दै सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्न यसको भूमिका निर्णायक हुने बताउनुभएको हो ।

सञ्चारमाध्यम केवल सूचना प्रवाह गर्ने माध्यममा सीमित नभई राजनीति, प्रशासन, निजी क्षेत्र र समग्र समाजलाई जवाफदेही बनाउने प्रमुख संस्था रहेकाले यस क्षेत्रले प्रेस स्वतन्त्रतासँगै उच्चस्तरीय जिम्मेवारी बहन गर्नु आवश्यक रहेको सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ छ ।

उहाँले नेपालको संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति



सरकार पूर्णप्रतिबद्ध रहेको स्पष्ट पार्दै स्वतन्त्र प्रेसले मात्र सुशासन र पारदर्शितालाई दिगो बनाउन सक्ने धारणा व्यक्त गर्नुभयो ।

साथै, प्रेस स्वतन्त्रतासँगै तथ्यप्रतिको निष्ठा, व्यावसायिक मर्यादा र सार्वजनिक हितप्रतिको उत्तरदायित्वलाई समान रूपमा महत्त्व दिनुपर्ने उहाँको भनाइ छ ।

"प्रेसको विश्वसनीयताले नै लोकतन्त्रको विश्वसनीयता बलियो बनाउँछ । वर्तमान डिजिटल युगमा फैलिँदै गएको गलत सूचना, भ्रामक सामग्री र सामाजिक सञ्जालको दुरुपयोगजस्ता चुनौतीप्रति सचेत रहनुपर्ने आश्यकता छ । यस्तो अवस्थामा सत्य, तथ्य र जनहितमा आधारित पत्रकारिता अझ आवश्यक छ", शुभकामना सन्देशमा भनिएको छ ।

मन्त्री डा तिमिल्सिनाले समाजलाई सचेत, जिम्मेवार र लोकतान्त्रिक मार्गमा अघि बढाउन सञ्चार क्षेत्रको भूमिका सधैँ महत्त्वपूर्ण रहने उल्लेख गर्दै सत्य र जनहितका पक्षमा सक्रिय सम्पूर्ण पत्रकार तथा सञ्चारकर्मीप्रति सम्मान व्यक्त गर्नुभयो ।

'शान्तिपूर्ण भविष्यको निर्माणः मानवअधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रता प्रवर्द्धन' भन्ने नाराका साथ मनाइँदै गरेको यस दिवसले स्वतन्त्र, जिम्मेवार र विश्वसनीय पत्रकारिताको अभ्यासलाई अझ सुदृढ बनाउने विश्वाससमेत मन्त्री तिमिल्सिनाले व्यक्त गर्नुभएको छ । रासस

## रामबहादुर बम्जनले पाए सफाइ

टुडे समाचारदाता

काठमाण्डु । सम्पत्ति शुद्धीकरण कसुरमा रामबहादुर बम्जनले सफाइ पाएका छन्।

जिल्ला अदालत सर्लाहीका न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले आइतबार



बम्जनलाई सफाइ दिएको हो। अदालतले गत वैशाख ८ गते बम्जनमाथि लगाइएको अभियोग नपुग्ने भन्दै अदालतले उनलाई सफाइ दिएको हो।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले २०८० पुस १४ मा बम्जनलाई बुढानीलकण्ठ क्षेत्रबाट पक्राउ गरेको थियो। त्यसपछि उनीमाथि सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान गरेर मुद्दा चलाइएको थियो।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सहयोगीहरुले साथ नदिंदा केही निराशा आउन सक्छ । |
| वृष : | कार्यस्थलमा अवसर आउन सक्छ, तर हतार नगर्नुहोस् । |
| मिथुन : | आज आत्मविश्वास उच्च रहनेछ । |
| कर्कट : | परिवारमा सुख र मेलमिलाप रहनेछ । |
| सिंह : | कामको प्रशंसा हुनेछ र आत्मबल बढ्नेछ । |
| कन्या : | नयाँ जिम्मेवारी आउनेछ, त्यसका लागि समय व्यवस्थापन गर्नुपर्छ । |
| तुला : | आज सामाजिक र पारिवारिक काममा व्यवस्त रहनुहुनेछ । |
| वृश्चिक : | आजको दिन मिश्रित रहनेछ । केही पुराना समस्या समाधान हुनेछन् । |
| धनु : | काममा सफलता र सम्मान दुबै प्राप्त हुनेछ । |
| मकर : | नयाँ परियोजनामा सफलता पाइनेछ । घरमा सन्तोष र सुखको माहोल हुनेछ । |
| कुम्भ: | कला, लेखन वा सञ्चार क्षेत्रमा प्रगति हुने दिन छ । |
| मीन: | आजको दिन अध्यात्म र मनको शान्तिको लागि अनुकूल छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**लामो र घना घार लागेको केरा** : जनकपुरधाम उपमहानगरपालिका-१४ मुजेलियास्थित ॐ शान्ति मिथिला वाटिकाको आँगनमा केराको बोटमा असामान्य रूपमा लामो र घना घार लागेको केरा।
*तस्बिरः निरञ्जनकुमार साह/रासस*

# भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमार्फत वास्तविक सुकुमवासीको परीक्षण सुरु

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमार्फत वास्तविक सुकुमवासीको परीक्षण सुरु गरेको छ ।

दाबी गरिएका सुकुमवासीका नाममा सरकारी अभिलेखमा देशका कुनै पनि स्थानमा जग्गा भए/नभएको पत्ता लगाउन उक्त प्रणालीबाट परीक्षण सुरु गरिएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिनुभयो । विभिन्न नीतिनियम र विधिका साथै विद्युतीय माध्यमबाट पारदर्शी, प्रभावकारी र मितव्ययी रूपमा परीक्षण कार्य अगाडि बढाइएको उहाँले बताउनुभयो ।

“हाल सहरी विकास मन्त्रालयले पठाएअनुसार काठमाडौँ उपत्यकाभित्रका सुकुमवासीका नामावली परीक्षण काम भइरहेको छ । यसपछि क्रमिक रूपमा देशभर रहेका सुकुमवासीको पहिचान गरिने छ”, प्रवक्त भट्टले भन्नुभयो,“वास्तविक सुकुमवासी परीक्षण भएपछि उनीहरूको व्यवस्थापनका लागि सहज हुने छ ।”

मन्त्रालयअन्तर्गत एक सय १० वटा मालपोत र २१ वटा भूमिसुधार तथा मालपोत कार्यालय रहेका छन् ।

मन्त्रालयले भूमिसम्बन्धी सेवा स्थानीय तहबाट उपलब्ध गराउन आवश्यक कर्मचारी, प्राविधिक जनशक्ति, व्यावसायिक सीप, प्रविधि र अन्य स्रोतबारे जानकारी गराउन सात सय ५३ वटै स्थानीय तहलाई पत्राचार गरेको जनाइएको छ । प्राथमिकताका आधारमा मन्त्रालय मातहतका निकायले ती स्थानीय तहलाई तालिम, प्रशिक्षण तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्ने र उनीहरूलाई जिम्मेवारी हस्तान्तरण गर्ने जनाइएको छ ।

स्थानीय तहले कर्मचारी व्यवस्थापन गर्नसकेमा आवश्यक सहयोग र समन्वय मन्त्रालयले गर्ने प्रवक्ता भट्टले बताउनुभयो । स्थानीय तहले भूमि प्रशासनको जिम्मेवारी लिँदा भौगोलिक परीक्षण सहज हुने, जनतालाई छिटोछरितो सेवा प्रदान गर्न सकिने उहाँले विश्वास व्यक्त गर्नुभयो । रासस

# तीन अग्रज पत्रकार सम्मानित




मोरङ । नेपाल पत्रकार महासङ्घ मोरङले विश्व प्रेस स्वतन्त्रता दिवसको उपलक्ष्यमा यहाँका तीन अग्रज पत्रकारहरुलाई सम्मान गरेको छ । आइतबार यहाँ आयोजित कार्यक्रममा कोशी प्रदेश प्रदेश प्रमुख परशुराम खापुङले पत्रकारहरू केदार चौहान, केदार रिजाल र ज्योति शर्मालाई सम्मानपत्र प्रदान गर्नुभयो ।

प्रदेश प्रमुख खापुङले समाजलाई परिवर्तन र मुलुकको विकासमा सञ्चारकर्मीहरुको काँधमा ठूलो जिम्मेवारी रहेकाले सत्यतथ्यका आधारमा समाचार सम्प्रेषणगरीजिम्मेपारीपूरागर्नआग्रह गर्नुभयो।उहाँलेप्रजातन्त्र,लोकतन्त्र र मानव अधिकारको संरक्षणमा सञ्चारकर्मीले थप योगदान पुऱ्याउनुपर्नेमा जोड दिँदै राष्ट्रिय एकता बलियो बनाई समाजमा सद्भाव कायम राख्न कलम चलाउनुपर्ने सुझाव दिनुभयो ।

सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाले पत्रकारिता जिम्मेवार पेसा भएकाले मुलुकमा शान्तिसुरक्षा एवं सद्भाव कायम गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै प्रशंसा गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घ कोशी प्रदेशका अध्यक्ष भरतबहादुर खड्का, महासङ्घका केन्द्रीय सदस्य कमल रिमालले सञ्चारकर्मीको भूमिकाका कारण लोकतन्त्र एवं गणतन्त्रलाई संस्थागत गर्न सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो ।

महासङ्घ मोरङ अध्यक्ष सुशीला पाठक, उपाध्यक्ष सन्तोष सिग्देल, महासङ्घका पूर्वप्रदेश अध्यक्ष विक्रम लुइँटेल, मोरङका पूर्वअध्यक्ष बन्धु पोखरेल, प्रेस चौतारी नेपालकी मोरङ अध्यक्ष चीना थापा, नेपाल प्रेस युनियनका मोरङ अध्यक्ष वेदराज पौड्याल, गैरसरकारी संस्था महासङ्घ मोरङ अध्यक्ष विष्णु शर्मा पन्त, सम्मानित पत्रकार चौहानलगायतले आफ्नो धारणा राख्नुभएको थियो ।

महासङ्घले आइतबार विराटनगर आँखा अस्पतालको सहयोगमा सञ्चालन गरेको आँखा शिविरमा दुई सय जना पत्रकार र परिवारका सदस्यहरूले आँखा जाँच गराई निःशुल्क औषधि एवं चस्मा वितरण गरिएको थियो । रासस

# मधेसी दलबिच हुने एकताको खाका, अध्यक्षका लागि तोकियो योग्यताक्रम

काठमाण्डु । संघीय लोकतान्त्रिक मोर्चामा ‘पार्टी एकीकरण खाका’ प्रस्तुत गरिएको छ । जनता समाजवादी पार्टीका संरक्षक महन्थ ठाकुरको अध्यक्षतामा बसेको बैठकमा सो खाका प्रस्तुत गरिएको हो ।



खाका अनुसार एकीकृत पार्टीमा एक जना संरक्षक, एकजना अध्यक्ष, त्यसपछि मार्गदर्शक मण्डल र केन्द्रीय कार्यकारिणी समिति रहने छ । पार्टीको सबभन्दा शक्तिशाली समिति कार्यकारिणी समिति रहने छ, जसलाई निर्णायक समिति भनिएको छ ।

मार्गदर्शक मण्डल संयोजक संरक्षक रहने व्यवस्था गरिएको छ । मार्गदर्शक मण्डलमा पार्टीका हालका अध्यक्षहरु, वरिष्ठ नेतागण रहने छन् भने पार्टी अध्यक्ष पदेन सदस्य रहने व्यवस्था गरिएको खाकामा उल्लेख छ ।

५१ सदस्यीय केन्द्रीय कार्यकारिणी समितिको चयन महाधिवेशनबाट हुनेछ । यो समितिले नै पार्टीको अध्यक्ष चयन गर्नुको साथै १५१ सदस्य केन्द्रीय समितिको मनोनय समेत गर्नेछ । महाधिवेशनअघि मार्गदर्शक मण्डलले अध्यक्ष मनोनयन गर्ने खाकामा उल्लेख छ ।

**अध्यक्षको योग्याता**

-कुनै पनि विषयमा स्नातकोत्तर गरेको व्यक्ति हुनुपर्ने ।

-राष्ट्रिय राजनीतिमा कम्तीमा १० वर्षको काम गरेको हुनुपर्ने

-३५ वर्षदेखि ५० वर्ष उमेर समुहका हुनुपर्ने ।

-सरकारी/गैरसरकारी वा नेपाल सरकारको कुनैपनि लाभको पदमा काम नगरेको हुनुपर्ने ।

-सामाजिक र सांस्कृतिक पक्ष स्वच्छ र सफा भएको हुनुपर्ने ।

-अधिकार, पहिचान, समानताप्रति प्रतिबद्ध भएको व्यक्ति हुनुपर्ने ।

-सामुहिक नेतृत्वप्रणाली आत्मसात गर्ने हुनुपर्ने ।

-असल संगठक, कुशल व्यवस्थापक भएको हुनुपर्ने ।

-लागुपदार्थ, मादकपदार्थ लगायतको सेवन नगर्ने व्यक्ति हुनुपर्ने ।

-अहंकार नभएको, लोकप्रियतावादबाट मुक्त भएको हुनुपर्ने ।

-अध्यक्ष रहुन्जेल कुनै पनि लाभको पदमा नजाने हुनुपर्ने ।

पार्टीको अध्यक्षले मार्गदर्शक मण्डल र पदाधिकारीको परामर्शमा बैठकको एजेन्डा तय गरी, बैठक बोलाउने खाकामा उल्लेख छ । बैठकमा कार्यकारिणी समितिले गरेको निर्णय प्रमाणीकरण गर्ने र निर्णय कार्यान्वयनमा अध्यक्षले भुमिका खेल्ने उल्लेख छ । त्यसैगरि, मार्गदर्शक मण्डलसँग परामर्श गरि कार्यकारिणी समिती सदस्य मध्येबाट पदाधिकारी मनोनित गर्ने उल्लेख छ ।

**आर्थिक व्यवस्थापन**

पार्टी गठन भएको पहिलो ६ महिनासम्मको गतिविधि र पार्टी सञ्चालन खर्चका लागि प्रत्येक कार्यकारिणी सदस्यबाट प्रतिव्यक्ति ५० हजारका दरले र केन्द्रीय सदस्यहरुबाट १० हजारका दरले सहयोग लिइने बैठकमा खाका प्रस्तुत गरिएको छ ।

दीर्घकालीन आर्थिक व्यवस्थापनको लागि पार्टीले व्यवसाय सञ्चालन गर्ने भनिएको । सो व्यवसायीमा हरेक केन्द्रीय सदस्य संलग्न हुनुपर्ने छ । व्यवसाय संचालन पश्चात् केन्द्रीय सदस्यले गरेको लगानीको अनुपातमा मासिक आम्दानी वितरण गरिने प्रस्तुत खाकामा उल्लेख छ ।

यस्तो आर्थिक व्यवस्थापन सबै तहको लागि तय गरिने भनिएको छ । त्यसका साथै पार्टीका सबै सदस्यहरु पार्टीको निगरानीमा हुने व्यवसायमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने उल्लेख गरिएको छ । केन्द्रीय समिति गठन भएदेखि सबै सदस्यहरुले पार्टी संचालनको निम्ति लेभी तिर्नुपर्ने प्रस्ताव गरिएको छ ।

बैठकमा सहभागी एक नेताका अनुसार आजको बैठकमा सो खाकामाथि समान्य छलफल भएको छ । बैठकले सो खाका अध्ययन गर्न दलका नेताहरुलाई भनिसकेको छ । अर्को बैठकमा विस्तृत छलफल हुने बताइएको छ ।

मोर्चामा जसपा नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टी रहेका छन् । यसअघि लोसपा र जसपा नेपालबिच एकता घोषणा भइसकेको छ । त्यसमा जनता प्रगतिशिल पार्टी सहभागी भएको छ । तमलोपामा पनि सहभागी भएको थियो तर पछि एकता प्रकृयामा सहभागी नहुने भनि विज्ञप्तिमार्फत जानकारी गराइएको थियो । रासस

# लागुऔषधसहित देशका विभिन्न स्थानबाट २७ जना पक्राउ

काठमाण्डु । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित २७ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार देशका विभिन्न भागबाट उनीहरूलाई पक्राउ गरिएको हो ।



चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोल ५७ ट्याब्लेट, नाइट्राभेट १२९ ट्याब्लेट र नगद रु १६ हजार ६३५ सहित शनिबार काठमाडौँ महानगरपालिका-१५ बाट २० वर्षीय आशिष तामाङलाई नियन्त्रित लिइएको छ ।

यसैगरी, काठमाडौँ, गोकर्णेश्वर नगरपालिका-५ जोरपाटीबाट लागुऔषध ट्रामाडोल २९० ट्याब्लेटसहित सोही नगरपालिका-६ नारायणटार बस्ने ३० वर्षीय अशोक लामासहित तीन जनालाई पक्राउ गरिएको छ ।

यस्तै, कैलालीको धनगढी उपमहानगरपालिका-२ त्रिनगर ब्यारेलबाट लागुऔषध स्पास्मो ४९ ट्याब्लेटसहित भारत बिजनोरका ३० वर्षीय जमसेद आलम, कैलारी गाउँपालिका-५ मनिकापुरबाट चरेस जस्तो देखिने पदार्थसहित सोही ठाउँ बस्ने २५ वर्षीय धिरज चौधरीलगायत दुई जनालाई पक्राउ गरिएको समाचार कक्षले जनाएको छ ।

कैलालीकै धनगढी उपमहानगरपालिका-२ बाट अवैध लागुऔषध चरेस जस्तो देखिने पदार्थसहित सोही उपमहानगरपालिका-३ बस्ने ३५ वर्षीय किसन बुडालसहित आठ जना र लम्कीचुहा नगरपालिका-१ बसपार्कबाट ब्राउनसुगर जस्तो देखिने पदार्थसहित सोही ठाउँ डेरा गरी बस्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

यस्तै, त न हुँ का आँबुखैरेनी गाउँपालिका-४ बेनीटारबाट डाइजेपाम २० एम्पुल, बुप्रेनोर्फिन २० एम्पुल र फेनारगन २० एम्पुलसहित कास्कीको पोखरा महानगरपालिका-३० बस्ने २९ वर्षीय कृष्ण आलेलाई पक्राउ गरिएको छ । यसैगरी, बाँकेको बैजनाथ गाउँपालिका-३ नौवस्ता चौधरिया गाउँबाट ब्राउनुसगर जस्तो देखिने पदार्थ ७७० मिलिग्रामसहित सोही गाउँपालिका-३ नौवस्ता बस्ने ३३ वर्षीय इन्द्रबहादुर थारू र ४१ वर्षीय ध्रुवकुमार थारूलाई पक्राउ गरिएको छ ।

यसैगरी, झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट खैरो हेरोइन जस्तो देखिने पदार्थसहित सोही नगरपालिका-६ बस्ने २८ वर्षीय मिलन कार्की ढोली, सोही नगरपालिका-१३ बस्ने २३ वर्षीय रोहन राजवंशी, सोही नगरपालिका-९ बस्ने ३५ वर्षीय मनिष उप्रेती र झापा गाउँपालिका-४ बालुबाडी नयाँ टोलबाट ब्राउनसुगरसहित सोही गाउँपालिका-२ बस्ने २१ वर्षीय समीर प्रसाईलाई पक्राउ गरिएको छ ।

यस्तै, सुनसरीको कोशी गाउँपालिका-८ चारकुनेबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ ७७० मिलिग्रामसहित सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-९ बस्ने २७ वर्षीय श्यामकुमार रजकलाई पक्राउ गरिएको छ ।

यसैगरी, ललितपुरको गोदावरी नगरपालिका-३ शान्तिवनबाट ट्रामाडोल १० ट्याब्लेटसहित सोही ठाउँ बस्ने २८ वर्षीय उदय तामाङलाई पक्राउ गरिएको छ । सिन्धुलीको कमलामाई नगरपालिका-९ भिमानबाट पनि खैरो हेरोइन जस्तो देखिने पदार्थसहित एक जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । रासस

# विजय मल्लसम्बन्धी दुई ग्रन्थ लोकार्पित




काठमाण्डु । वरिष्ठ नाटककार विजय मल्लसँग सम्बन्धित दुई ग्रन्थ आइतबार लोकार्पण गरिएको छ ।

नइ एकेडेमीद्वारा आइतबार यहाँ आयोजित कार्यक्रममा वरिष्ठ समालोचक प्राडा वासुदेव त्रिपाठीले डा साधना पन्त ‘प्रतीक्षा’कृत ‘नारीवादी नाटककार विजय मल्ल’ नामक समालोचनात्मक ग्रन्थ र नरेन्द्रराज प्रसाईंद्वारा लिखित ‘विजय मल्ल’ नामक जीवनीकृतिको लोकार्पण गर्नुभयो ।

विजय मल्ल शताब्दी महोत्सव समापनका अवसरमा ती कृति विमोचन गरिएको हो । नइ एकेडेमीबाट प्रकाशित ती कृतिबारे प्रा केशव सुवेदीले समीक्षात्मक मन्तव्य व्यक्त गर्नुभएको थियो । समारोहमा ग्रन्थकार डा साधना पन्त ‘प्रतीक्षा’ र नरेन्द्रराज प्रसाईंले स्रष्टा विजय मल्लको योगदान र कृतिबारे प्रकाश पार्नुभएको थियो ।

महोत्वसका क्रममा विजय मल्लका सिर्जनात्मक कृतिको संवर्द्धनमा उल्लेखनीय योगदानका लागि नेपाल तथा भारतका ४५ प्राज्ञ, साहित्यकार, नाट्य र चलचित्रका कर्मीलाई ‘विजय मल्ल नइ शताब्दी पुरस्कार’ र पदकबाट विभूषित गरिएको थियो ।

सुविख्यात नाटककार, आख्यानकार तथा कवि मल्लको १९८२ सालमा जन्म भई र २०५६ सालमा निधन भएको थियो । रासस

# पर्यटकीय महत्त्व बोकेका क्षेत्रलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ’

कैलाली । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिमका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेका क्षेत्रलाई प्राथमिकतामा राखी विकास गरिने बताउनुभएको छ ।



आइतबार यहाँ प्रदेश नीति तथा योजना आयोगद्वारा आयोजित प्रदेश सरकार र स्थानीय तहबीचको छलफल तथा अन्तरक्रिया कार्यक्रममा उहाँले पर्यटकीय सम्भावना बोकेका क्षेत्रको संरक्षण र प्रवर्द्धन गरिने उल्लेख गर्नुभयो ।

उहाँले यस्ता क्षेत्रको विकासले प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । मुख्यमन्त्री शाहले प्रदेश सरकारले रु २५ लाखभन्दा कम लागतका योजनामा बजेट विनियोजन नगर्ने तथा प्रदेशका कुनै पनि योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन नगर्ने बताउनुभयो ।


प्रदेशको समग्र विकास, सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले यस्तो नीति लिइएको उहाँले स्पष्ट पार्नुभयो । उहाँले प्रदेश सरकार भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति लिएर अघि बढेको प्रसङ्ग उल्लेख गर्नुभयो ।

स्थानीय तहले बजेट निर्माणका क्रममा योजना बैङ्कमार्फत योजना छनोट गर्नुपर्ने र योजना छनोट गर्दा सम्बन्धित क्षेत्रका प्रदेशसभा सदस्यसँग समेत समन्वय तथा छलफल गर्नुपर्नेमा जोड मुख्यमन्त्री शाहले जोड दिनुभयो ।

कार्यक्रममा योजना कार्यान्वयनका चुनौती, आयोजना छनोटका मापदण्ड, प्रदेश र स्थानीय तहबीचको समन्वय, सामाजिक क्षेत्रको साझेदारी तथा प्रदेश सरकारले कुन क्षेत्रमा लगानी गर्दा समग्र प्रदेश लाभान्वित हुन सक्छ भन्ने विषयमा जिल्लागत समूह छलफल तथा प्रस्तुतीकरण गरिएको थियो ।

छलफलमा सहभागी स्थानीय तहका प्रतिनिधिहरूले आयोजनामा लागत सीमा र प्रतिबद्धता पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने, साझा अधिकारका विषयमा सहकार्य र समन्वय अनिवार्य गर्नुपर्ने, राजस्व बाँडफाँड र समानीकरण अनुदानको दायरा बढाउनुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा प्रदेशका मन्त्री, प्रदेशसभा सदस्य, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षसहित सदस्य, विभागीय सचिव तथा कर्मचाहरु तथा नौ जिल्लाका पालिकाका प्रतिनिधिसहित प्रशासकीय अधिकृतहरू सहभागिता थियो । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कमलाको उपद्रव

धनुषा र सिरहा जिल्लाको सीमा नदी कमलाको ताण्डवले दक्षिणी भेगका दुबै जिल्लाका बासिन्दा पीडित छन् ।कमला नदीको उपद्रवले लामो समयदेखि हुलाकी राजमार्गको पुल निर्माण हुन सकेको छैन् ।पप्पु कन्सट्रक्सनले तयार गरेको पुल उद्घाटन अगावै भत्किएपछि फेरि कमलामा पुल निर्माण हुन सकेको छैन् ।हरेक सरकारले चालु आर्थिक वर्षमा नै कमलामा पुल निर्माण गर्ने बताउँदै आएको छ ।तर कमला नदीमा पुल बनेको छैन् ।पटक पटक डाइभर्सन बनाइन्छ ।तर त्यो थोरै वर्षा हुँदा नै बग्ने गरेको छ ।पछिल्लो पटक पनि कमला नदीमा आएको सामान्य बाढीले डाइभर्सन बगाएको छ ।डाइभर्सन बगेसँगै सवारी साधनको आवागमन ठप्प भएको छ ।कमला नदीमा त्यस माथि पूर्वपश्चिम राजमार्गमा पुल छ ।अर्को पुल सबैला नगरपालिका क्षेत्रमा निर्माणाधीन छ ।तर हुलाकी राजमार्ग जोड्ने कमला नदीमा पुल अलपत्र छ ।कमला नदीको पुल सञ्चालनमा रहे सप्तरी, सिरहा र धनुषाबीचको दूरी अत्यन्त छोटो हुनेछ ।यी तीन जिल्लाका बासिन्दाले पूर्वपश्चिम राजमार्ग प्रयोग गर्ने भन्दा हुलाकी राजमार्ग धेरै छोटो छ ।सडक पनि कालोपत्रे भइसकेको छ ।तर कमला नदीमा पुल नहुँदा समस्या भएको छ ।वर्षा नभएको बेला साना सवारी साधनहरु नदी भएर नै आउजाउ गरे पनि त्यो अत्यन्त जोखिम पूर्ण छ ।सवारी साधन नदीमा रहेको बेला अचानक बाढी आउँदा जनधनको ठूलो क्षति हुन सक्ने उच्च जोखिम छ ।साना सवारी साधन धनीहरुले छोटो दूरी भएकाले जोखिम मोलेर पनि आउजाउ गरिरहेका हुन्छन् ।कमला नदीमा पुल निर्माण हुनासाथ धनुषा, सिरहा र सप्तरी क्षेत्रमा पर्ने पूर्वपश्चिम राजमार्गको चाप निकै कम हुनेछ ।मालसामान ढुवानीको भाडा समेत घट्ने छ ।तीन जिल्लाको कृषि र आर्थिक क्षेत्रमा आमूल परिवर्तन आउने छ ।पुल निर्माणका लागि सिरहाका जेनजी नेताहरुले पनि भरमग्दुर प्रयास गरिरहेका छन् ।तर ठोस उपलब्धि भइसकेको छैन् ।प्राविधिकहरुका अनुसार पप्पु कन्सट्रक्सनले बनाएको पुलको भन्दा तल अथवा माथि नयाँ पुल नै बनाउनु पर्नेछ ।क्षतिग्रस्त पुलको मर्मत गरी सञ्चालनमा ल्याउन चाहे लगानी मात्र खेर जानेछ ।हरेक वर्ष बनाइने डाइभर्सनको लगानी पनि सार्थक भइरहेको छैन् ।त्यसकारण सरकारले पुलको नयाँ डिजाईन गराएर नयाँ टेण्डर गरी निर्माण कार्यलाई अगाडि बढाउन आवश्यक छ ।पुल क्षतिग्रस्त भएदेखि नै नेताहरुले पुल निर्माणको आश्वासन दिदै आएका छन् ।त्यस क्रममा बनेका विभिन्न सरकारका मन्त्रीहरुले निरीक्षण र आश्वासन दिने बाहेक खासै उपलब्धिमूलक काम गरेका छैनन् ।कमला पुल निर्माणका लागि सरकारले नयाँ बजेटमा रकम बिनियोजन गरी ठेक्का लगाउन आवश्यक छ ।

# सरकारी डोजरले तर्सिएको वीरगञ्ज,लाचार सांसद,निरिह व्यापारी



● अनिल तिवारी

बीरगन्जको मुख्य बजारको मानचित्र इजरायलको अक्रमण पछिको गाजा जस्तै बनेको छ ।आठ घन्टाको सुचना पछि एका बिहानै देखि बीरगन्जमा चलाइए दर्जनौ डोजरले ३ हजार व्यापारी घरनघाटका भएका छन ।बीरगन्जको केन्द्र बिन्दुको रुपमा रहेको मुख्य सडकका सबै पसलहरुलाई खोक्रयाउदै खन्डर बनाइएको छ ।

मुलुककै आर्थिक लाइफलाईनको रुपमा रहेका बिरगन्ज व्यापारीकलाई नेताले सरापे शहरभैँ अवस्थामा बनाएको छ ।

आर्थिक महानगर वीरगंजको स्थापना भएको झन्डै ११६ वर्षभन्दा बढी भइसकेको छ । तत्कालीन श्री ३ वीर शम्शेरले वि.सं. १९४५ देखि १९५० को बीचमा वीरगंज बजार स्थापना गरेको अनुमान छ । वीर शम्शेरले स्थापना गरेको हुनाले यसको नाम वीरगंज भएको हो । वीरगंज स्थापना भन्दा अगाडि पर्सा जिल्लाको मुख्य आर्थिककेन्द्र अलौं थियो । वि.सं. १९०४ साउन महिनामा सुगौलीबाट राजा राजेन्द्रले पर्सा जिल्लाको अलौंमा सैनिक क्याम्प राखेको इतिहास छ ।नेपालको पहिलो भन्सार पनि अलौंबाट सुरु गरिएको थियो ।जहाँ पुन आइसिपि निर्माण भई संचालनमा आएको छ ।

जंगलले ढाकेको स्थानमा वीरगंज बजार स्थापना गर्न श्री ३ वीर शम्शेरले आफ्ना विश्वासपात्र द्वय सिद्धवीर माथेमा र ध्वजवीर माथेमा (दुई दाजुभाइ) लाई क्रमशः माल अड्डा तथा काठ माल अड्डाको हाकिम बनाई वीरगंजमा खटाएका थिए । किनकि अग्रेजसंग भएको सुगौलि सन्धिमा इन्डिालाई रेलसेवा विस्तारको लागी नेपालबाट काठको पटरी दिने वाचा गरिएको थियो ।जसअनुसार बीरगन्ज हुदै अमलेशगंज रपर्साको ठोरीमा रेलवेको विस्तार गरिएको थियो ।त्यसै सिलसिलामा सिद्धवीर माथेमाले निःशुल्क जग्गा तथा काठ वितरण गर्नुका साथै वीरगंजमा घर बनाउनेहरूलाई नगदको व्यवस्था गरी सहयोग पुर्याएका थिए ।

२००७ फागुन ७ गते नेपालमा प्रजातन्त्र आएपछि पहिलो विदेशी कुटनीतिक ब्यक्तिको भ्रमणको रूपमा २००८ सालको असार २ गते तत्कालिक भारतीय प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरू नेपाल भ्रमणमा आएका थिए । यही भ्रमणको समय राजा त्रिभुवनले देशमा सडक यातायातको असुविधा रहेको जानकारी गराएपछि पण्डित नेहरूले छिट्टै नै राजमार्ग निर्माणमा सहयोग गर्ने आश्वासन पछि यो राजमार्गको निर्माण। भएको हो ।

२००९ मंसिर ७ गते शनिबार विवाह पञ्चमीको साइत पारेर चन्द्रागिरी तर्फबाट डोजरले खनेर राजमार्ग निर्माणको शुभारम्भ गरिएको थियो ।

एक वर्षपछि मंसिर २६ २०१० मा विवाह पञ्चमीकै दिन पारेर जीप मात्र चलाउन सकिने गरि बडामहारानी कान्ती राज्यलक्ष्मीले राजमार्गको उद्धान गर्नुभएको थियो । उद्घाटन समारोहमा युवराज महेन्द्र, प्रधानमन्त्री मातृकाप्रसाद कोइराला तथा भारतीय राजदूत बीके गोखलेले सम्बोधन गरेका थिए ।

यसरी जीपको लागि २०१० को मंसिरमा नै उद्घाटन भए पनि ट्रकहरू गुड्न भने अर्को दुई वर्ष पर्खनु पऱ्यो । नियमित ट्रकबाट ढुवानीको सेवा भने नेपाल ट्रान्सपोर्ट सर्भिसको स्थापनापछि २०१५ को चैतदेखि बल्ल भयो । असार २०१६ सालबाट नेपाल ट्रान्सपोर्ट सर्भिस नियमित बस सेवा काठमाडौंबाट अमलेखगञ्जसम्म शुरु भएको थियो ।

पहिले नेपाल गभर्मेन्ट रेलवेले नियमित सेवा दिएको हुँदा काठमाडौंलाई अमलेखगञ्जसम्म मात्र जोडिएको थियो । पछि रेलसेवा बन्द हुन थालेपछि वीरगञ्जबाट अमलेखगञ्जको सडक यातायातले प्राथमिकता पाउन थाल्यो ।

समयको मांगसंगै बीरगन्जको मितेरी पुलदेखि काठमान्डौको सत्नपार्कसम्मको सडक खन्डलाई त्रिभुवन राजमार्ग घोषणा गरियो ।

शहरी क्षेत्रमा बढदै गएको तिब्र जनघनत्वलाई मध्यनजर गर्दै काठमान्डौमा रिगंरोडको विकास र यता बिरगन्जको रजतज्यन्ति चौकदेखि गन्डकसम्म बाईपास रोडको निर्माण भयो । जसपछि सडक विभागले कलकिदेखि रत्नपार्कसम्मको त्रिभूवन राजमार्गलाई काटेर छोट्यायो । तर बीरगन्जसंगको मुख्य सडकलाई राजमार्गमा नै राखियो ।

यसप्रकरण बारे सरकार समक्ष अवाज उठाउनु भन्दा पनि बीरगन्जका नेता एवम जनप्रतिनिधि चन्दा दलालीमा लागे ।बीरगन्ज तोडने सडक विभागको सुचनाको प्रतिउत्तरमा बिरगन्जबाट चन्दा असुली गरेर सुमसुम्याउने काममा कांग्रेसीजन लागेकोले गर्दा बीरगन्ज भित्रको राजमार्गको एलाइमेन्ट नक्शाबाट हटाइएन । राजमार्गको घुर्कि देखाउदै समय समयमा सूचना प्रकाशित गरेर बीरगन्जबाट रकम दोहन अभियान लगभग तिन दशक सम्म नै चलयो ।

समयको मागसंगै भारतको सहयोगमा बीरगन्जको तिन किलोमिटर पश्चिममा रहेको अलौमा भारतको सहयोगमा आइसिपि अर्थात एकिकृत भन्सार निर्माण उदघाटन भएको एक दशक बितिसक्दा पनि पुर्ण रुपमा संचालनमा आएको छैन ।व्यापारीक कारोवारसंगै इमिग्रेशन र साना चारपांग्रेस सवारी साधनहरु चलाउन



भारतीय पक्षले दबाव दिदै आएको छ ।तर नेपाल सरकार अहिलेसम्म कार्यान्वयनमा निरिह छ ।

बीरगन्जलाई व्यवस्थित गर्नुपर्ने सबैको चहाना हो। । तर सरकारले चलाएको डोजर अभियानको मार्गचित्र के ?बीरगन्ज उठाएको प्रश्नको यहि को ।राजमार्ग स्थापना भन्दा पहिला देखि लालपुर्जा लिएर बसोवास गर्दे आएका जनतालाई मुआवजा दिनु राज्यको दायीत्व हो कि होयन ? सरकारले जवाफ दिन सकेको छैन ।मुलुककै आर्थिक राजधानीको रुपमा रहेको बिरगन्जलाई रातोरात खन्डहर बनाउदा किरायामा व्यापार संचालन गर्दै आएका व्यापारीहरुलाई आक्रांत बनाउने लोकशाहि धर्म हो र ? पहिला डोजर त्यसको एक हप्ता पछि नाप जाँचले विकासको उल्टो गगा बगाउन खोजिएको जस्तो नै हो ।बिरोधीहरु सरकारको यो डोजर लोकप्रियतालार्य गँजेडि विकासको संज्ञादिन थालेका छन ।

डोजर लगाइए पछि एक व्यापारीको हर्ट एटेक्टबाट मृत्यु भएको छ ।३हजार व्यपारी विस्थापित भएका छन ।राजमार्गको औचित्य,मुवाब्जाको बिषयलाई लिएर १२ सय परिवार आन्दोलित छन । ५सय परिवार सुकम्वासी हुने अवस्था सिर्जना। भएको छ । आर्थिकमहानगरी अहिले अनिश्चितताको भूमरिमा जेलिएको छ ।डोजर लगाउने सडक बिभागसंग अब गरिने विकास निर्माणको कुनै डिपिआर छैन ।डोजर पछि पुर्ण रुपमा मलवा उठाउन सकिएको। छैन ।

ग्रेटर बिरगन्ज अवधारणा बोकेको यो शहर चार दशक देखि आर्थिक राजधानीको मान्यताको लागी काठमान्डौसंग गुहार गर्दै आएको छ । मुलुककै आर्थिक लाइफ लाइनको रुपमा चिनिने वीरगन्जले निर्वाचनमा रास्वपाले सोच भन्दा दोबर मतले घन्टीलाई जितायो ।तर। दुखको। बेलामा पर्साका चारै सांसद मन्त्री सामु निरिह देखिएको राजमार्गको आवश्यकता ,बीरगन्ज शहरको इतिहास र जनतालाई करोडपतिबाट सुकुम्वास बनाउने कुरा न पहिलाका सांसद वा मन्त्रीले सरकारलाई बुझाए नत अहिलेका माननियहरुले ।बिरगन्जले चुनेका सांसद जुन जोगीआए कानै चिरेको भै छ ।

२०४६ वा ६२/६३को जनआन्दोलन होसवा मधेस आन्दोलन वा ६ महिनाको नाकाबन्दी सबै आन्दोलनका नेतृत्वकर्ताहरुले वीरगञ्जलाई आर्थिकराजधानी बनाउने सपना बाडेँ । तर त्यसमा कोही गम्भीर छैन । केन्द्रिय होउन वा वीरगन्ज लगायत पर्साका ४ क्षेत्रबाट जितेर गएका सबै सांसद ।सिमामा १सय सिमा लागेपछि बिरगन्जमा आर्थिक गतिविधि बढला भने आशा पलाएको एक हप्ता नवित्दै विरगन्जलाई घन्डहर बनाइयो ।विरगन्जको विकासबारे सरकारसंग कुनै रोडम्या छैन ।डोजर अभियानमा हौसे गर्दै हिडेक मेयर राजेशमानको महानगरपालिका आफैमा कंगाल हुदै गएको छ ।महानगरपालिकामा विद्यमान रहेको वेथिति र भ्रष्टचार छटाछुल्लको अवस्था। छ ।पानि प्रशोधन केन्द्रमा भइरहेको माछाको कारोबारबारे अख्तियार दुरुपयोग आयोगले छानविन अगाडि बढाएको छ ।

वीरगञ्ज नाका अवरुद्ध गर्नेगरी भएको मधेसआन्दोलनअहिले पनि यहाँका आम मानिसको सम्झनामा ताजै छ। थलापरेको बीरगन्ज अहिले पनि पुरानो आर्थिक लयमा फर्किन सकेको छैन ।सरकारको डोजर अभियानले बिरगन्ज आर्थिक महानगरबाट गाजा जस्तै खन्डहर शहर निश्चय नै बनाउको छ ।

नाकाबन्दी कै कारण ओली प्रधानमन्त्री बनेको हरेक पटकको सरकारले वीरगन्जको आर्थिक गतिविधिलाई सुकाउने कोपभाजनमा पर्यो ।जसले गर्दा मधेस आन्दोलनको रापतापका कारण कतिपय व्यापारिक कारोवार र उद्योगहरू भैरहवा सारिए । नाकाबन्दीको राजनैतिक प्रतिशोध स्वरुप वीरगञ्ज मै कायम गर्दै एकलौटी राजश्व असुलीको अधिपत्यलाई सिध्याउन भैरहवालाई वैकल्पिक भन्सारको रुपमा स्थापित बनाउने ओली सरकारले निर्दिष्ट अभियान नै चलायो ।

वीरगञ्ज मुलुककै मूल प्रवेशद्वार हो । आर्थिक राजधानीका रुपमा चिनिएको यो सहरले राज्यद्वारा असुल हुने करको सबै भन्दा हिस्सा बेहोर्दै आएको छ । यसको पुर्व र पश्चिम दुबै तिर सडक बिभागको अवधारणा अनुसार ठुला र फराकिला सडकहरु छन ।आईसिपि संचालनमा आएको एक दशक वितिसक्दा पनि अलौदेखि परवानीपुरसम्मको राजमार्गको सडक खन्ड पुर्णरुपमा निर्माण भएको छैन ।अहिले पनि यसक्षेत्रका सडक आधा अधुरा छन ।सरकारसंग पैसा नभएकोले सडक निर्माणको काम पुरा गर्न नसहिएको ठेक्केदार कम्पनिहरुले बताउदै आएका छन ।

सामाजिक र सांस्कृतिक विविधताले भरिएको मध्य तराइको यो आर्थिक महानगरमा रहेको नेपाल-भारत,सीमा-नाका अर्थात आईसीपी र सुख्खा बन्दरगाहमा रहेको भन्सार मार्फत देशलाई राजस्वको सर्वाधिक ठूलो हिस्सा अर्थात् ४३ देखि ६० प्रतिशत राजस्व बुझाउँदै आएको छ ।तर यसक्षेत्रको भौतिकविकास र जनताको आवागमन सहजतामा सरकारको खासै ध्यान नगएको गुनासो जनस्तरबाट उठदै आएको छ ।

वीरगन्ज धनकुबेर र महालक्ष्मीको शहर पनि हो ।जसले गर्दा पनि पर्साबाट जितेर काठमान्डौ पुगेका सांसद स्थानिय समस्या समाधान ,विकास निकास भन्दा उधोगी-व्यापारीको राजश्व मिन्हा,तस्करी लाइन खुलाउन,मुद्दा लगाउने बझाउन काममा बढी समय खर्चेको सुरु देखिको गुनासो छ । अनि राजधानी काठमाडौं लैजाने ७५ प्रतिशत सामग्री यही सहर हुँदै पठाइन्छ । सरकारले पाउने कूल औद्योगिक कर मध्ये वीरगञ्ज क्षेत्रमा रहेका उद्योगबाट ४० प्रतिशत राजस्व संकलन हुन्छ। यसर्थमा वीरगञ्ज सिंगै देशको 'लाइफ लाइन' हो।

सरकारले विकास गर्ने बीरगन्ज सपना धेरै छन। ।ग्रेटर वीरगञ्ज, आर्थिक कोरिडोर र संयुक्त ढुवानी व्यवस्थापन केन्द्र लगायत कतिपय सपनाहरू दशकौ देखि नारामा मात्र सीमित छन्।बिरगन्जबाट जितेका सबै सांसद जनप्रतिनिधी सधै असफल रहे । मुलुककै दोश्रो ठूलो रङ्गशालाको रुपमा मानिने नारायणी रङ्गशालाको अवस्था जीर्ण छ । मधेस प्रदेशकै ठुलो तथा पुरानो नारायणी अस्पताललाई केन्द्रिय अस्पताल घोषणा गरिए पनि, भवन निर्माण तथा व्यवस्थापन लथालिंग छ । श्रीसिया नदीलाई प्रदुषणमुक्त बनाउने सबैले भाषणमा मात्रै सीमित राखेका छन्।

अधिकारको लागी आन्दोलन गर्नु राजनैतिक अभ्यास हो ।तर इतिहास कालदेखि आर्थिक सम्भावना बोक्ने मुख्य सहरहरू खोजी गर्नुपर्यो भने मानिसहरू सुरुको लहरमै वीरगञ्जलाई सम्झन्छन् । वीरगञ्जको वैभव र समृद्धिको आकांक्षा पुनर्जागृत हुने कुरा चुनावको वेला दल तथा उम्मेदवारहरूको भाषणमा मात्रै सीमित देखिएको छ । कृष्णप्रसाद भट्टराई जस्ता सन्त नेतालाई वीरगञ्जले जिताएर प्रधानमन्त्री समेत बनायो ।

जसले जति नीति ल्याएपनि 'वीरगञ्जको विकल्प वीरगञ्ज नै' 'वीरगञ्जलाई दोहनको केन्द्र भन्दा पनि यहा रहेको विविधतापूर्ण समाजलाई प्रवर्द्धन गर्नुका साथै यसको विस्तार गर्ने राजनैतिक आवश्यकता हुन ।फास्टट्र्याक'को निर्माणसँगै अब एक घन्टामा वीरगञ्जबाट काठमाडौं पुगिने दिन आउँदैछ। 'वीरगञ्जलाई औद्योगिक नगरी बनाउन परिकल्पना गर्नु जरुरी छ। त्यसो गर्दा रोजगारी, आर्थिक गतिविधि त बढ्छन्, औद्योगिक पूर्वाधारको एउटा सर्त बिजुली हो। अलिकति बिजुली पाउना साथ उद्योगहरू जुर्मुराउन सक्छन्।

'वीरगञ्ज आर्थिक राजधानीमात्रै होइन, सामाजिक सद्भाव र संस्कृतिको सहर भएको हो। अबको समय दलगत स्वार्थ भन्दा पनि विकास नै मुलुकको मुख्य एजेन्डा हुनु पर्दछ।'

वीरगञ्ज भनेको मध्य तराईका प्रतिनिधित्व गर्ने 'लिडिङ मेट्रोपोलिटन सिटी' पनि हो। जितपुर-सिमरा उपमहानगरपालिका, पोखरिया नगरपालिका, कलैया उपमहानगरपालिका समेतको अगुवा सहरलाई व्यवस्थापन गर्दै यसलाई औद्योगिक हबको रुपमा बनाउन सकिने धारणाहरू पाँच दशक देखि उठ्दै आएको हो ।

हरेक आन्दोलनको इपिक सेन्टर रहेको वीरगञ्जले बारा पर्साका आठै सिटमा घन्टीलाई जिताएको छ । योजना विनाको सरकारी डोजर अभियानले वीरगन्जलाई चुपचाप बजार साफ भन्दै बिरोधी दलका कार्यकर्ता जिस्काउन थालेका छन ।

फास्टट्र्याक र आर्थिक करिडोरसँगै वीरगञ्ज विशेष आर्थिक क्षेत्रका रूपमा विकसित हुने सम्भावना भएपनि नेतृत्वको उपेक्षाको कारण सधैँ पछाडि पर्दै आएको देखिएको छ।

लुम्बिनी, सिम्रौनगढ, गढीमाई, पर्सा वन्यजन्तु जस्ता विषयलाई प्रदेश सरकारले अगाडि बढाउन सक्छ ।समग्रमा राजनीतिक नेतृत्व वीरगञ्जमा कमजोर देखिएको ठुरो आरोप लगाइन्छ। 'विकासको मुद्दामा नेतृत्व एक ठाउँमा आउन नसकेर यस्तो भएको हो, यहाँ दल, नागरिक समाज, उद्योगी सबैले चिन्तामात्रै गरे, तर यहाँबाट कसरी राम्रो गर्ने भन्दा मन्त्री बन्न र महल ठढ्उनैमै लागे ।जसका परिणाम स्वरुप कति जनप्रतिनिधि अख्तियारको मुदामा पर्दै जेलबासमा परेका छन ।

संघीयता कार्यान्वयनको यो स्वर्ण समयमा विकासका लागि कस्ता नीति आवश्यक छन् भन्नेतर्फ बहस केन्द्रित गर्नु सान्दर्भिक देखिन्छ । विकास भनेको केबल भौतिक निर्माण नै हुनुपर्छ भन्ने पनि छैन ।जनताले स्वतन्त्रा पुर्वक बाचनु पर्ने अधिकार पनि हो ।जनताबाट चुनिएको सरकार जनताको लागी भन्दा सस्तो लकप्रियताको लागी हुनु सरकार र जनता बिचको दुरीको खाडल निर्माण गर्नु हो ।जसले ठुलो दुर्घर्टना निमत्याउन सक्छ ।

# नेपाली औषधि उद्योग: संकट चिरेर अर्थतन्त्रको 'संजीवनी बुटी'



● सुधीर प्रकाश मास्के

नेपालको जनसंख्या करिब तीन करोड भनिए पनि वास्तविक सक्रिय उपभोक्ता संख्या त्योभन्दा कम छ। करिब ८० लाख नेपाली विदेशमा छन्। जनसंख्या पलायनले घरेलु बजार अझ सानो हुँदै गएको छ। यस्तो अवस्थामा बजार विस्तार नगरी उद्योग संख्या बढाउनु दीर्घकालीन रूपमा घातक हुन्छ।

नेपाल अहिले फेरि एउटा राजनीतिक मोडमा उभिएको छ। नयाँ निर्वाचनपछि नयाँ सरकार गठन हुने प्रक्रियाले देशभरि एउटा आशा पनि जगाएको छ- अब विकासका मुद्दाहरूले प्राथमिकता पाउलान् कि भन्ने आशा। लामो समयदेखि नेपालको विकासलाई पछाडि धकेल्ने प्रमुख कारण राजनीतिक अस्थिरता नै रह्यो। सरकार परिवर्तनको निरन्तर श्रृंखला, नीतिगत अस्पष्टता, दीर्घकालीन आर्थिक दृष्टिकोणको अभाव र प्रशासनिक जडताले देशका धेरै उद्योगहरूलाई कमजोर बनाएको छ। यीमध्ये औषधि उद्योग पनि एक हो, जसले अहिले गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ।

म लामो समयदेखि औषधि उद्योगसँग प्रत्यक्ष रूपमा जोडिएको व्यक्ति हुँ। यस क्षेत्रको वास्तविक अवस्था नजिकबाट देख्ने अवसर पनि मलाई प्राप्त भएको छ। त्यसैले आजको सन्दर्भमा मैले एउटा मूल प्रश्न उठाउन चाहन्छु- नेपालको औषधि उद्योगलाई देशको अर्थतन्त्रको 'संजीवनी बुटी' कसरी बनाउन सकिन्छ?

### व्यवस्थाको स्थिरताका लागि आर्थिक आधार

कुनै पनि राज्य व्यवस्था (चाहे त्यो लोकतन्त्र होस्, गणतन्त्र होस् वा अन्य कुनै शासन प्रणाली) आर्थिक रूपमा सबल नभएसम्म स्थिर रहन सक्दैन। सरकार चलाउन स्रोत चाहिन्छ, राजस्व चाहिन्छ, पूँजी परिचालन गर्न सक्ने क्षमता चाहिन्छ। जबसम्म अर्थतन्त्र मजबुत हुँदैन, तबसम्म राजनीतिक स्थायित्व पनि दीर्घकालीन हुन सक्दैन।

नेपालमा समस्या यहीँबाट सुरु भएको छ। हाम्रो राजनीतिक बहसमा आर्थिक विकासको प्रश्न प्राथमिकतामा कहिल्यै परेन। परिणामस्वरूप उद्योग, उत्पादन र लगानीका क्षेत्रहरू कमजोर भए। औषधि उद्योग पनि यही अवस्थाको एउटा उदाहरण हो।

### औषधि उद्योग किन संकटमा?

आज नेपालको औषधि उद्योग डगमगाइरहेको छ। यसको कारण के हो?

पहिलो कारण हो- नीतिगत स्पष्टताको अभाव। सरकारले औषधि उद्योगलाई प्रबर्द्धन गर्ने कुनै स्पष्ट नीति बनाएको छैन। यदि कसैले सरकारसँग 'औषधि उद्योग विकास गर्ने नीति कहाँ छ?' भनेर सोध्यो भने देखाउन मिल्ने एउटा पानाको दस्तावेजसमेत छैन।

दोस्रो, समस्या बजार व्यवस्थापनसँग जोडिएको छ। अहिले सरकार नयाँ-नयाँ औषधि उद्योगलाई लाइसेन्स दिइरहेको छ। तर बजार विस्तार गर्ने कुनै रणनीति छैन। कुनै पनि व्यवसायमा माग र आपूर्तिको सन्तुलन बिग्रियो भने समस्या आउँछ नै। नेपाल जस्तो सानो बजारमा निरन्तर नयाँ कम्पनी थपिँदा प्रतिस्पर्धा अस्वस्थ हुने अवस्था बनेको छ।

नेपालको जनसंख्या करिब तीन करोड भनिए पनि वास्तविक सक्रिय उपभोक्ता संख्या त्योभन्दा कम छ। करिब ८० लाख नेपाली विदेशमा छन्। जनसंख्या पलायनले घरेलु बजार अझ सानो हुँदै गएको छ। यस्तो अवस्थामा बजार विस्तार नगरी उद्योग संख्या बढाउनु दीर्घकालीन रूपमा घातक हुन्छ।

### लक्ष्य बिना विकास असम्भव

नेपालमा विकासको अर्को ठूलो समस्या के छ भने सरकारसँग स्पष्ट लक्ष्य नै हुँदैन। यदि हामी औषधि उद्योगलाई वास्तवमै विकास गर्न चाहन्छौं भने सबैभन्दा पहिले एउटा संस्थागत संरचना आवश्यक छ। मेरो सुझाव के हो भने 'औषधि प्रवर्द्धन बोर्ड' गठन गरिनुपर्छ।

अहिले अनुमानित रूपमा नेपाली औषधि उद्योगले बजारको ४५-५० प्रतिशत हिस्सा ओगटेको छ। यदि सरकारले स्पष्ट लक्ष्य निर्धारण गरेर पाँच वर्षभित्र यसलाई ६५-७० प्रतिशत पुर्याउने योजना बनायो भने यो सम्भव छ।

यसरी बजार हिस्सा बढ्यो भने कम्तीमा पनि १५ देखि २० अर्ब रुपैयाँ बराबरको बजार विस्तार हुनेछ। यसले उद्योगहरूलाई आर्थिक रूपमा स्वस्थ बनाउनेछ। उत्पादन बढेपछि रोजगारी बढ्छ, कर्मचारीको संख्या बढ्छ, त्यससँगै सरकारको राजस्व पनि बढ्छ।

सरकारले राजस्व बढाउने सबैभन्दा प्रभावकारी उपाय भनेकै उद्योग र व्यवसायलाई बढ्न दिनु हो। व्यवसाय बढ्यो भने कर आफै बढ्छ।

### मानसिकता परिवर्तन र मेडिकल टुरिजम

हाम्रो अर्को ठूलो समस्या मानसिकता हो। हामी प्रायः नेपाललाई सानो बजार भएको देश भनेर निराश हुन्छौं। तर वास्तविकता के हो भने नेपाल सानो बजार मात्र होइन, ठूलो क्षेत्रीय बजारको केन्द्र पनि हो।

नेपाल तीनतिरबाट भारतले घेरिएको छ। बिहार, उत्तर प्रदेश, पश्चिम बंगाल र उत्तराखण्ड, यी चार राज्य मात्र हेर्ने हो भने त्यहाँको जनसंख्या करिब ५० करोड पुग्छ। यो हाम्रो सम्भावित बजार हो।

### प्रश्न उठ्छ- हामीले यसलाई कसरी उपयोग गर्ने?

नेपालको स्वास्थ्य सेवा प्रणाली धेरै क्षेत्रमा छिमेकी भारतीय राज्यहरूको तुलनामा राम्रो छ। विशेष गरी आँखाको उपचार जस्ता क्षेत्रमा भारतबाट ठूलो संख्यामा बिरामी नेपाल आउने गरेका छन्।

यदि सरकारले सही नीति बनायो भने मेडिकल टुरिजम नेपालका लागि ठूलो अवसर बन्न सक्छ। कल्पना गरौं- यदि भारतका ती ५० करोड जनसंख्यामध्ये वर्षमा दुई करोड मानिसलाई स्वास्थ्य सेवाका लागि नेपाल ल्याउन सकियो भने के होला?

ती बिरामीहरू यहाँ उपचार गर्न आउँछन्। उनीहरू अस्पतालमा बस्छन्, होटलमा बस्छन्, खाना खान्छन्, यातायात प्रयोग गर्छन्। यसको प्रभाव केवल अस्पताल वा औषधि उद्योगमा मात्र होइन, समग्र अर्थतन्त्रमा पर्छ।

मेडिकल टुरिजमको विकासले औषधिको माग पनि स्वाभाविक रूपमा बढाउँछ। भारतमा प्रत्येक वर्ष लाखौं विद्यार्थीले एमबीबीएस प्रवेश परीक्षा दिन्छन्। तर तीमध्ये सीमित संख्याले मात्र अध्ययनको अवसर पाउँछन्। नेपालले यदि आफ्नो मेडिकल शिक्षालाई व्यवस्थित रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न सक्यो भने त्यो आफैंमा ठूलो आर्थिक स्रोत बन्न सक्छ।

### मूल्य नियन्त्रण नीति

औषधि उद्योगलाई कमजोर बनाउने अर्को ठूलो कारण मूल्य नियन्त्रण नीति हो। नेपालमा करिब दुई दशकअघि औषधिको मूल्य नियन्त्रण गरिएको थियो। तर त्यसपछि त्यो नीति कहिल्यै समीक्षा गरिएन।

२० वर्षअघि निर्धारण गरिएको मूल्यमा आज पनि औषधि बेच्नुपर्ने अवस्था उद्योगका लागि असहज छ। उत्पादन लागत, कच्चा पदार्थ, ऊर्जा, श्रम–सबै खर्च बढिसकेको छ। तर मूल्य उही छ भने उद्योग कसरी टिक्न सक्छ?

सरकारले गुणस्तरमा कडाइ गर्नुपर्छ, तर मूल्य व्यवस्थापनलाई यथार्थपरक बनाउनु आवश्यक छ ।

# पेसागत र भौतिक सुरक्षाको जोखिमले प्रेस स्वतन्त्रता चुनौतीपूर्ण बनेको छः अध्यक्ष शर्मा



काठमाण्डु । नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले पत्रकारविरुद्ध भएका अपराधमा दण्डहीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षामा जोखिमजस्ता कारणले प्रेस स्वतन्त्रता चुनौतीपूर्ण बन्दै गएको बताउनुभएको छ ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आइतबार सम्पूर्ण श्रमजीवी पत्रकार, व्यावसायिक सञ्चारगृहहरू तथा विचार र अभिव्यक्ति स्वतन्त्रता पक्षधर जनसमुदायमा शुभकामना व्यक्त गर्दै सो कुरा बताउनुभएको हो ।

उहाँले भन्नुभएको छ, “विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा महासङ्घ सम्पूर्ण सञ्चारकर्मी, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरमा पुनःएकपटक शुभकामना व्यक्त गर्दछ, प्रेस स्वतन्त्रता पेचिलो बन्दै गएको अहिलेको अवस्थामा मुलुकका विभिन्न पेसागत सङ्गठन र नागरिक अगुवासँग अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि महासङ्घ ऐक्यबद्धताको अपेक्षा गर्दछ ।”

इतिहासदेखि नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि राज्यका कुनै अङ्ग, तह वा अरू कुनै सङ्गठित र असङ्गठित क्षेत्रबाट सङ्कुचन वा नियन्त्रण गर्ने प्रयास भए पनि प्रेस जगतले सशक्त प्रतिवाद गर्दै आएको उहाँको भनाइ छ ।

शुभकामना सन्देशमा भनिएको छ, “अब पनि त्यस्तो प्रतिवाद गर्नुपर्ने अवस्था आइलाग्छ भन्नेमा महासङ्घ स्पष्ट छ, लोकतान्त्रिक संविधान लागू भएको दशक बितिसक्दा पनि मुलुकमा प्रेस स्वतन्त्रता हननका घटना बढ्दो क्रममा रहेको देखिनु हाम्रा लागि गम्भीर चिन्ताको विषय हो ।”

विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने क्रमको सुरुआत सन् १९९१ मा नामिबियाको विन्डहोकमा आयोजित युनेस्कोको सेमिनारबाट भएको हो। उक्त सेमिनारले ‘विन्डहोक घोषणापत्र’ जारी गरेको थियो । यही घोषणापत्रको स्मरण गर्दै सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घको महासभाले युनेस्कोको सिफारिसमा मे ३ लाई ‘विश्व प्रेस स्वतन्त्रता दिवस’ का रूपमा मनाउने निर्णय गरेको हो । त्यसयता, हरेक वर्ष मे ३ का दिन प्रेस स्वतन्त्रताको रक्षा र प्रवर्द्धन गर्ने उद्देश्यले यो दिवस विश्वभर मनाउने गरिन्छ ।

यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा ‘शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रता प्रवर्द्धन’ रहेको छ । युनेस्कोले यस वर्षको कार्यक्रम जाम्बियाको लुसाकामा मे ४ र ५ का दिन विभिन्न कार्यक्रम गरी मनाउँदै छ ।

अन्तरराष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे) ले ४ मे देखि ७ मे सम्म पेरिसमा हुने महाधिवेशनमा विश्वका पत्रकारहरु सहभागी हुने सम्मेलनमा यो दिवस मनाउँदै छ । पछिल्लो समय सरकारले गरेको सरकारी विज्ञापनमा विभेदपूर्ण व्यवहार, लोककल्याणकारी विज्ञापनको सङ्कुचन र अभिव्यक्ति स्वतन्त्रता माथिकै अङ्कुशका प्रक्रियाहरू हुन भन्ने अध्यक्ष शर्माको बुझाइ छ । रासस

# स्थानान्तरण गरिएका नागरिकलाई चैत मसान्तभित्र व्यवस्थित बासस्थान उपलब्ध गराउन रास्वपाको सरकारलाई आग्रह

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को आइतबारको सचिवालयको बैठकले हाल हटाइएका अतिक्रमित संरचना र सुकुमवासी बस्तीबाट हटाइएका नागरिकलाई यस वर्षको चैत मसान्तभित्र गाँस, बास, स्वास्थ्यलगायत सबै व्यवस्था गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

सो पार्टीको केन्द्रीय कार्यालय, वनस्थलीका भएको बैठकपछि प्रवक्ता मनिष झाले अधिकार सम्पन्न प्राधिकरण गठन गरेर सुकुमवासीको लगत सङ्कलन नगरेसम्म अधिग्रहण गरिएका संरचनामा बाहेक अन्य स्थानमा घर/संरचना भत्काउन अब डोजर नचलाउन आग्रह गरेको जानकारी दिनुभयो । उहाँले अतिक्रमित संरचना र सुकुमवासी बस्ती व्यवस्थापनको काम आफूहरुको चुनावी वाचापत्रअनुसार नै भएको र उनीहरुको बसोबासको अवस्थालाई ध्यान दिएर सुरक्षित तथा व्यवस्थित बासस्थानमा स्थानान्तरण गर्न सरकारलाई आग्रह गरेको हो ।




विगतमा सरकारले उक्त समस्या समाधानका लागि गम्भीर रुपमा ध्यान नदिएको र आफूहरुको चुनावी वाचापत्रअनुसार भूमिहीन सुकुमवासीलाई व्यवस्थित राख्न पहलकदमी भएको प्रवक्ता झाले बताउनुभयो ।

“अहिले बस्तीविहीन भएकाहरु हामी सुरक्षित र मर्यादित व्यवस्थापन गर्नका लागि पहल गर्नेछौं । अधिकार सम्पन्न प्राधिकरणमार्फत दिगो व्यवस्थापन गर्नेछौं । प्राधिकरणले लगत लिएर कम्तीमा ७५ प्रतिशत नागरिकको व्यवस्थापन आउँदो चैत मसान्तभित्र सरकारले गरिसकेको हुनेछ'', प्रवक्ता झाले भन्नुभयो, “सुकुमवासीको लगत उपलब्ध नगराएसम्मका लागि अब अधिग्रहण गरिएका संरचनाहरु तथा स्थानीय तहको अधिकार क्षेत्रमा बाहेक अन्य स्थानमा सुकुमवासी बस्ती भत्काउन डोजर नचलाउन सरकारलाई सुझाव दिने निर्णय गरेका छौं ।''

प्रवक्ता झाले नदी किनारमा आउने वर्षामा बाढी आउने भएकाले त्यहाँका सुकुमवासीलाई सुरक्षित स्थानमा लैजान आवश्यक थियो भन्नुभयो। उहाँले आगामी स्थानीय तहको निर्वाचनका लागि क्याण्डिडेट क्लबको घोषणा गरिएको र उम्मेदवार छनोट कार्यविधि पारित गरिएको जानकारी दिनुभयो । सो पार्टीको स्थानीय तहको उम्मेदवार हुन क्याण्डिडेट क्लव र लिडरसिप क्लासको योग्यता पारित गर्नुपर्ने व्यवस्था गरिएको छ ।

पत्रकारको प्रश्नको जवाफमा प्रवक्ता झाले राज्यका विभिन्न निकायमा विगतमा भएमा नियुक्ति कति प्रक्रियासम्मत या आवश्यकताका आधारमा थिए भन्ने समीक्षा गर्न अध्यादेशमार्फत पदमुक्ति गराइएको स्पष्ट पार्नुभयो ।रासस

## स्थानान्तरण प्रक्रियामा छुटेका नागरिकलाई सम्पर्कमा आउन आग्रह

काठमाण्डु । सहरी विकास मन्त्रालयले काठमाडौँको बागमती र सहायक नदी किनारका जोखिमयुक्त बस्ती स्थानान्तरण प्रक्रियामा छुटेका नागरिकलाई यथाशीघ्र सम्पर्कमा आउन आग्रह गरेको छ ।

मन्त्रालयले सहायता आवश्यक भएका तथा हाल सडकमा अलमल परेका नागरिकलाई प्राथमिक दर्ता केन्द्रका रूपमा तोकिएको त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा उपस्थित भई दर्ता गर्न अनुरोध गरेको हो ।

“वास्तविक भूमिहीन नागरिकको ‘डिजिटल’लगत सङ्कलन गरी ‘होल्डिङ सेन्टर’मार्फत व्यवस्थित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइएको छ । नागरिकलाई आवास, भोजन, स्वास्थ्य सेवा, बालबालिकाको शिक्षा तथा मनोवैज्ञानिक परामर्शलगायत आधारभूत सुविधा उपलब्ध गराइनेछ”, सहरी विकास मन्त्रालयद्धारा जारी प्रेस नोटमा भनिएको छ।

वास्तविक भूमिहीन तथा आर्थिक रूपमा कमजोर नागरिकलाई दर्ता केन्द्रमा उपस्थित भई सरकारद्धारा प्रदान गरिएका सेवा सुविधा उपयोग गर्नसमेत मन्त्रालयले आग्रह गरेको छ । नागरिकको सुरक्षित, व्यवस्थित तथा दीर्घकालीन पुनःस्थापनामा सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको पनि मन्त्रालयल स्पष्ट पारेको छ। रासस

# चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारी स्वतः पदमुक्त




काठमाण्डु । विसं २०८२ चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारीहरु स्वतः पदमुक्त भएका छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गर्नुभएको ‘सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था अध्यादेश, २०८३’ को दफा २ को (१) मा उक्त व्यवस्था गरिएको छ ।

उक्त दफामा सार्वजनिक पदाधिकारीहरुको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए पनि यो अध्यादेश प्रारम्भ भएपछि त्यस्ता पदाधिकारीहरु कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुने उल्लेख छ । उक्त अध्यादेश कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आज सार्वजनिक गरेको हो ।

सो अध्यादेशको दफा २ को उपदफा (२) मा पदमुक्त भएको पदाधिकारीलाई सम्बन्धित मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिने उल्लेख छ । दफा १ को (२) बमोजिम यो अध्यादेश कार्यान्वयनमा आइसकेको छ ।

प्रचलित कानुनबमोजिम नियुक्त तथा मनोनयन भएका वा तोकिएको सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा तत्काल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकाले यो अध्यादेश जारी भएको प्रस्तावनामा भनिएको छ ।रासस

# ‘होल्डिङ सेन्टर’का बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन आग्रह

काठमाण्डु । काठमाडौँ महानगरपालिकाकीकार्यवाहकप्रमुख सुनिता डङ्गोलले ‘होल्डिङ सेन्टर’का बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क शिक्षा उपलब्ध गराउन प्याब्सन र एनप्याब्सनका पदाधिकारीसँग आग्रह गर्नुभएको छ ।

आइतबार निजी तथा संस्थागत विद्यालयका सङ्घसङ्गठनका पदाधिकारीसँग यहाँ भएको छलफलमा उहाँले राधास्वामी सत्संत व्यास आश्रममा सञ्चालित होल्डिङ सेन्टरमा भएका बालबालिकालाई संस्थागत विद्यालयमा आवासीय सुविधासहित निःशुल्क र नियमित अध्ययनको व्यवस्था मिलाउन आग्रह गर्नुभयो ।




“नदी किनाराका अव्यवस्थित बस्ती खाली गर्ने क्रममा बालबालिकाको अध्ययनमा नकारात्मक असर परिरहेको छ। सोसम्बन्धमा अहिले कीर्तिपुर स्थित राधास्वामी सत्सङ्ग आश्रममा रहेका बालबालिकालाई आवास सुविधासहित निःशुल्क अध्ययन गराउन हामीले यस्तो सुविधा भएका निजी तथा संस्थागत विद्यालयबाट सहयोगको अपेक्षा गरेका छौँ”, छलफलमा कार्यवाहक प्रमुख डङगोलले भन्नुभयो, “अव्यवस्थित बस्तीबाट होल्डिङ सेन्टरमा राखिएका बालबालिकाको शिक्षाका लागि सबैले मिलेर पहल गरौँ । उनीहरूलाई नियमित विद्यालय जाने अवसर प्रदान गरौँ। हामी मिलौँ र बालबालिकाको सर्वोत्तम हितमा काम गरौँ ।”

संस्थागत सामाजिक उत्तरदायित्व र मानवताका दृष्टिले सहकार्य र समन्वयमार्फ अगाडि बढ्नुपर्ने कार्यवाहक प्रमुखले अनुरोध गर्नुभयो । उहाँको प्रस्तावमा प्याब्सनका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद अधिकारी, एनप्याब्सनका अध्यक्ष सुवास न्यौपाने, प्याब्सनका महासचिव आवि कटुवाल, एनप्याब्सनका महासचिव प्रकाश खड्काले वर्तमान अवस्थामा बालबालिकाको शिक्षा नियमित गर्ने सन्दर्भमा कामपाले सहकार्यका लागि अघि सारेको पहलले आफूहरूलाई पनि जिम्मेवार बोध गराएको उल्लेख गर्नुभयो ।

छ ल प ़ ल म ा काठमाडौँ जिल्ला प्याब्सनका अध्यक्ष नवराज भट्ट, उपाध्यक्ष सूर्य भण्डारी, काठमाडौँका जिल्ला अध्यक्ष अमृत खड्का, काठमाडौँ महानगर प्याब्सनका अध्यक्ष गगनसिंह ऐर, एनप्याब्सन महानगर समितिका अध्यक्ष नवराज पाण्डे सहभागी हुनुहुन्थ्यो । कार्यवाहक प्रमुखको प्रस्तावका विषयमा प्याब्सन र एनप्याब्सनको बैठक बसेर आफूहरूले पूरा गर्नुपर्ने दायित्वका विषयमा कामपालाई खबर गर्ने अधिकारीहरूले जनाउनुभएको छ ।रासस

# राष्ट्रपतिद्वारा संवैधानिक परिषद्सम्बन्धी अध्यादेश फिर्ता




काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ पुनर्विचारका लागि मन्त्रिपरिषद्मा फिर्ता पठाउनुभएको छ ।

नेपालको संविधानबमोजिम यसअघि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि २०८२ साल असार २५ मा राष्ट्रपतिसमक्ष पेस भएकामा सन्देशसहित उक्त विधेयक मन्त्रिपरिषद्मा फिर्ता पठाइएको जनाउँदै राष्ट्रपति कार्यालयले तत्कालीन मन्त्रिपरिषद्को २०८२ साल मङ्सिर २ गतेको निर्णयअनुसार प्राप्त भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी नभएको स्मरण गराएको छ ।

यही वैशाख १४ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम सिफारिस भई आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ को विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न मन्त्रिपरिषद्मा पठाउनुभएको उक्त कार्यालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । रासस

# सरकारले व्यवसायीलाई दुःख दिँदैनः सभापति लामिछाने

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले उद्योगी-व्यवसायीलाई नडराउन र नआत्तिन आग्रह गर्नुभएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्शलगायत निजी क्षेत्रका संस्थाका प्रतिनिधिहरूसँग छलफल गर्दै आइतबार उहाँले रास्वपा र वर्तमान सरकारप्रति सशङ्कित नहुन आग्रह गर्नुभएको हो ।



सभापति लामिछानेले भन्नुभयो, “निजीक्षेत्र सशङ्कित भएको, अलि डराएको जस्तो देखेर नै मैले तपाईंहरूसँग छलफल गर्न चाहेको हुँ । तपाईंहरू डराउनुपर्ने वा आत्तिनुपर्ने कुनै कारण छैन । हामी व्यवसायीहरूलाई कुनै खालको दुःख दिन चाहँदैनौँ ।” उहाँले केही व्यवसायी तथा पात्रहरूले देशको अर्थतन्त्र नै आफ्नो मुट्ठीमा नियन्त्रण गर्ने गरी अघि बढेका कारणले सरकार निर्मम भएर लाग्नु परेको स्पष्ट पार्नुभयो ।

सभापति लामिछानेले वास्तविक अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रको समस्या सम्बोधन गर्नुपर्ने र त्यसको ‘रोडम्याप’ रास्वपाले बनाइसकेको पनि जानकारी दिनुभयो । उहाँले समस्या सम्बोधनका लागि उद्योगी-व्यवसायीहरूले आफ्नो घर र पार्टी कार्यालय धाउनै नपर्ने पनि स्पष्ट पार्नुभयो ।

“तपाईंले मलाई र पार्टी कार्यालयलाई देख्नु पर्दैन, टेक्नु पर्दैन । हामी तपाईंहरूको समस्या सहजै सम्बोधन गर्न चाहन्छौँ । पहिला तपाईंहरूले फरक खालको प्रयोग र अनुभव लिनुभयो होला, सहभागी हुनु पनि भयो होला, तर हामी फरक ढङ्गबाट देखिने गरी परिवर्तन महसुस गराउन चाहन्छौँ,” उहाँले भन्नुभयो ।

छलफलमा महासङ्घका अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्र शान्तिको क्षेत्र भएकाले सहज रूपमा काम गर्न दिन आग्रह गर्नुभयो । “हरेक आन्दोलनमा यस क्षेत्रमाथि प्रहार भइरहेको छ । हामी हरेक आन्दोलनको मुख्य निसानामा परिरहेका छौँ । यसो हुनु हुँदैन भन्ने हाम्रो माग हो”, उहाँले भन्नुभयो ।

परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले पुँजी निर्माण घटिरहेको अवस्थामा निजी क्षेत्रलाई प्रोत्साहन र हौसला बढाउन आवश्यक रहेको उल्लेख गर्नुभयो । चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष दीपक मलहोत्राले स्पष्ट बहुमतसहितको रास्वपा सरकारसँग ठूलो अपेक्षा रहेको भन्दै विकास निर्माण र आर्थिक सुधारमा सरकारले आवश्यक भूमिका खेल्नुपर्ने बताउनुभयो ।

**‘सरकारले नागरिकलाई घरबारविहीन बनाउँदैन’**

फरक प्रसङ्गमा सभापति लामिछानेले सरकारले कसैलाई पनि घरबारविहीन नबनाउने स्पष्ट पार्नुभयो । “देशका नागरिक कसैलाई पनि घरबारविहीन बनाउँदैनौँ । आज केही समस्या भएको छ, तर यसले सधैँका लागि समस्या समाधान गर्छ । हामीले खोलाको किनारामा जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न खोजेको छौँ”, उहाँले भन्नुभयो । रासस

## १७ मन्त्रालय बनाउने प्रस्ताव :
# सामान्य प्रशासन प्रधानमन्त्री कार्यालयमा गाभिने




काठमाण्डु । सरकारले मन्त्रालयहरूको संख्या १७ मा झार्ने प्रस्ताव अघि बढाएको छ । प्रधानमन्त्री कार्यालयका अनुसार चार वटा मन्त्रालय खारेज गर्ने प्रस्ताव गरिएको छ।

प्रस्ताव कार्यान्वयनमा आए युवा तथा खेलकुद, शहरी विकास, खानेपानी तथा सरसफाइ र सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालय रहने छैनन्।

बालेन्द्र शाह नेतृत्वको सरकारले १ सय दिनमा गर्ने सय कामभित्र मन्त्रालयको संख्या घटाई १७ कायम गर्ने सरकारले निर्णय गरेको थियो ।

उक्त निर्णय कार्यान्वयन गर्न गठित कार्यदलले खारेजी गर्ने र आपसमा गाभ्ने मन्त्रालयको सुची तयार पारेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित ५ सदस्यीय कार्यदलले सङ्घमा १७ मन्त्रालय रहने प्रस्ताव तयार गरेको हो ।

कार्यदलमा अर्थ, सङ्घीय मामिला तथा सामान्य मन्त्रालयका सहसचिव, प्रधानमन्त्री कार्यालयका कानुन महाशाखा प्रमुख र सोही कार्यालयका सहसचिव सदस्यसचिव छन् ।

कार्यदलको प्रस्तावअनुसार खानेपानी तथा सरसफाइ मन्त्रालयबाट सरसफाइलाई स्वास्थ्य मन्त्रालयमा गाभिनेछ । शहरी विकास र खानेपानीलाई भौतिक पूर्वाधार मन्त्रालयमा गाभेर एकीकृत भौतिक पूर्वाधार मन्त्रालय बनाइनेछ । त्यस्तै युवा तथा खेलकुद मन्त्रालयलाई दुई वटा क्लस्टरका रूपमा शिक्षा र महिला मन्त्रालयमा गाभिनेछ ।

खेलकुदलाई शिक्षा मन्त्रालयमा गाभेर शिक्षा तथा खेलकुद मन्त्रालय नामकरण हुनेछ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा युवा, जनस ्या र सामाजिक सुरक्षालाई लैङ्गिक समानता तथा सामाजिक विकास मन्त्रालय नामकरण गरिने प्रस्ताव छ । भौतिक मन्त्रालयबाट यातायातलाई श्रममा लगिने प्रस्ताव छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रधानमन्त्री कार्यालयमा गाभिनेछ। रासस

# खारेज भयो निजामती कर्मचारीको ट्रेड युनियन

काठमाण्डु । निजामती कर्मचारीहरूको ट्रेड युनियन खारेज भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार 'केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३' जारी गरेसँगै उक्त ट्रेड युनियन खारेज भएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले जानकारी दिइन्।

'वर्षौंदेखि अभ्यासमा रहेको यो व्यवस्थाले के नतिजा दियो भन्ने सबैसामु छर्लंग छ,' उनले सेतोपाटीसँग भनिन्, 'मुलुकमा सुशासन कायम गर्न, सेवा प्रवाह प्रभावकारी बनाउन र निजामती सेवाको आधारभूत चरित्र, निष्पक्षता, तटस्थता, व्यावसायिकता, जबाफदेहिता जस्ता विषयको सुनिश्चितता ट्रेड युनियन राखेर सम्भव हुँदैन।'




ट्रेड युनियन खारेजीले सार्वजनिक प्रशासनको शुद्धीकरण गर्ने मन्त्री रावलको भनाइ छ।

ट्रेड युनियन खारेजीले कोही पनि विचलित हुन नपर्ने पनि उनले बताएकी छन्।

'यसको खारेजीबाट कोही विचलित हुन जरूरी छैन। सबै कर्मचारीको सेवा सर्तको सुरक्षा कानुनले सुरक्षित गरेको छ र त्यसको कार्यान्वयन हामी दृढतापूर्वक गर्नेछौं,' उनले भनिन्।

निजामती सेवा ऐन, २०४९ को दफा ५३ मा निजामती कर्मचारीको ट्रेड युनियनसम्बन्धी व्यवस्था थियो। कार्यालय प्रमुख भई काम गर्ने राजपत्रांकित कर्मचारीबाहेक तृतीय श्रेणी वा त्योभन्दा मुनिका कार्मचारी ट्रेड युनियनमा सदस्य बन्न पाउने कानुनी व्यवस्था थियो।

केही नेपाल ऐन संशोधन अध्यादेशमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ट्रेड युनियन खारेजीको प्रस्ताव अघि बढाएको थियो।

मन्त्रालयले हालै ल्याएको 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को मस्यौदामा पनि ट्रेड युनियन खारेजीको व्यवस्था छ।

उक्त विधेयकमा निजामती कर्मचारीले राजनीतिक दल, राजनीतिक दलका भ्रातृ संगठन, जनवर्गीय संगठन वा राजनीतिक दलसँग आबद्ध संगठनहरूको सदस्यता लिन नपाउने व्यवस्था गरेको छ।

कुनै पनि निजामती कर्मचारी राजनीतिक क्रियाकलापमा आबद्ध भएको प्रमाणित भए भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्ने प्रस्ताव गरिएको थियो। रासस

जनकपुर टुडे



# मध्यपूर्व युद्धबीच 'ओपेक प्लस'को महत्वपूर्ण बैठक, उत्पादन कोटा वृद्धि सम्भावना

एएफपी

भियना । संयुक्त अरब इमिरेट्सले 'ओपेक प्लस' समूहबाट बाहिरिने निर्णय गरेपछि पहिलो पटक उक्त समूहका सात सदस्य देशहरू आइतबार तेल उत्पादन कोटासम्बन्धी निर्णय गर्न बैठकमा बसेका छन् । मध्यपूर्वमा जारी युद्धका कारण तेल आपूर्तिमा पहिले नै दबाब बढिरहेको अवस्थामा यो बैठकलाई निकै महत्वपूर्ण मानिएको छ, किनकि यसले विश्व बजारमा तेलको मूल्यमा थप प्रभाव पार्न सक्छ ।

संयुक्त अरब इमिरेट्सले अप्रिल २८ मा ओपेक र विस्तारित ओपेक प्लस समूह छोड्ने घोषणा गरेको थियो र उक्त निर्णय अप्रिल ३० देखि औपचारिक रूपमा लागू भएको मानिन्छ । यसको प्रभावबारे सङ्गठनले अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया दिएको छैन, जसका कारण आइतबारको बैठकपछि आउने निर्णय र वक्तव्यलाई बजारले निकै ध्यानपूर्वक हेरिरहेको छ ।



यो बैठक अनलाइन रूपमा सम्पन्न भइरहेको छ र यसमा अल्जेरिया, इराक, काजाखस्तान, कुवेत, ओमान, रुस र साउदी अरेबिया सहभागी छन् ।

प्रारम्भिक अनुमान अनुसार, यी देशहरूले दैनिक करिब एक लाख ८८ हजार ब्यारेल तेल उत्पादन कोटा वृद्धि गर्ने सम्भावना छ, जुन मार्च र अप्रिलमा गरिएको वृद्धि जस्तै हो तर संयुक्त अरब इमिरेट्सको योगदान बिना हुनेछ ।

यद्यपि कोटा कागजमा बढाइए पनि वास्तविक उत्पादनमा ठूलो परिवर्तन आउने सम्भावना कम देखिएको छ, किनकि धेरै सदस्य देशहरू पहिले नै युद्ध, प्रतिबन्ध र ढुवानी अवरोधका कारण आफ्नो पूर्ण उत्पादन क्षमता प्रयोग गर्न असमर्थ छन् । विशेष गरी फारस खाडी क्षेत्रका इराक, कुवेत, साउदी अरेबिया र पूर्व सदस्य संयुक्त अरब इमिरेट्स सबै यस अवस्थाबाट प्रभावित भएका छन् ।

त्यस्तै, इरानले अमेरिकी-इजरायली तनावपछि स्ट्रेट अफ हर्मुज क्षेत्रमा अवरोध सिर्जना गर्दा तेल निर्यात थप कठिन बनेको छ ।

इरान स्वयं पनि अमेरिकी प्रतिबन्धका कारण आर्थिक दबाबमा रहेको छ । अर्कोतर्फ, रुस युद्धका कारण उच्च तेल मूल्यबाट केही लाभ उठाइरहेको देखिए पनि युक्रेनसँगको लामो युद्धका कारण उसले आफ्नो उत्पादन क्षमता पूर्ण रूपमा उपयोग गर्न सकेको छैन ।

विश्लेषकहरूका अनुसार संयुक्त अरब इमिरेट्सको ओपेक प्लसबाट बहिर्गमन एक ठूलो परिवर्तन हो, किनकि यसले संगठनभित्र शक्ति सन्तुलन र भविष्यको नीतिमा महत्वपूर्ण असर पार्न सक्छ । संयुक्त अरब इमिरेट्सले पछिल्ला वर्षहरूमा ठूलो लगानी गर्दै आफ्नो उत्पादन क्षमता उल्लेखनीय रूपमा बढाएको थियो र सन् २०२७ सम्म दैनिक करिब ५ लाख ब्यारेल उत्पादन गर्ने लक्ष्य राखेको थियो, जुन पहिलेको कोटाभन्दा निकै बढी हो ।

यस परिस्थितिमा, ओपेक प्लस भित्र अन्य सदस्य देशहरू पनि आफ्नो कोटा उल्लंघन गरेको आरोप र असन्तुष्टिका कारण दबाबमा देखिन थालेका छन्, जसले भविष्यमा सङ्गठनको एकता र स्थायित्वबारे प्रश्न उठाएको छ ।

# अलराउन्ड प्रदर्शनमा युएईले ओमानलाई हरायो



काठमाण्डु । सानदार अलराउन्ड प्रदर्शनमा पुछारमा रहेको युएईले आईसीसी विश्व कप लिग २ मा तेस्रो स्थानमा रहेको ओमानलाई ५४ रनले हराएको छ।

जारी सिरिजमा युएईले ओमानलाई लगातार दोस्रो पटक पराजित गर्दै सातौं जित निकालेको छ। जितको लागि ३ सय ९ रनको विशाल लक्ष्य पछ्याएको ओमान ३९ ओभर ५ बलमा अल आउट हुँदै २ सय ५४ रनमा समेटियो।

पहिलो क्रमका तीन ब्याटरले दोहोरो रन छुन नसक्दा खराब सुरुवात गरेको ओमानले २६ रन जोड्दा ३ विकेट गुमायो। यसपछि आर्यान बिष्ट २७ रनमा आउट भए।

पाँचौं विकेटका लागि हमाद मिर्जा र जितेन रामानन्दीले ८७ रनको साझेदारी गर्दा ओमानको इनिङ्सलाई सम्हाल्ने प्रयास गरे। तर ८३ रन जोडेर हमाद रन आउट भए।

यसपछि जितेनलाई अन्य खेलाडीले साथ दिन सकेनन्। जितेन अविजित ९१ रनमा क्रिजमा रहे। उनले ६२ बल खेल्दै ७ चौका र ६ छक्का प्रहार गरे। बलिङमा जुनेद सिद्दिकी नायक बने। उनले ७ ओभरमा ४९ रन दिएर ६ विकेट लिए।

यसअघि पहिले ब्याटिङ गरेको युएईले ४७ ओभरको खेलमा ८ विकेट गुमाउँदै ३ सय ८ रन बनायो। ओपनर आयान्स शर्मा र अदीप उदमानले सानदार शतकीय साझेदारी गरे।

पहिलो विकेटको लागि १ सय ११ रनको साझेदारी गरेर आर्यान्स ५० रनमा आउट भए। अदीप ७२ रन जोडेर आउट भए।

यसपछि हर्पित सिंह र मोहम्मद साहददले तेस्रो विकेटको लागि अर्को शतकीय साझेदारी गरे। ६५ बल खेल्दै ७७ रन जोडेर हर्पित आउट भए।

मोहम्मदलर ७४ रनको पारी खेले। योसँगै युएईले ३ सय ८ रनको योगफल खडा गर्यो। बलिङमा मोहम्मद इमरानले ३ र नदिम खानले २ विकेट लिए।

२४ खेल खेलेको यएईले सातौं जित निकाल्दा १४ अंक सहित लिगको पुछारमा रहेको छ। ओमानको यो आठौं हार हो। ३१ अंक सहित अंक तालिकाको तेस्रो स्थानमा रहेको छ।

# होर्मुज जलडमरूमध्यमा इरानको सुरक्षा निगरानी कडा



सिन्ह्वा

तेहरान । इरानका सेना प्रवक्ता मोहम्मद अक्रमिनियाले शनिबार दिएको अभिव्यक्तिमा देशका सशस्त्र बलहरूले होर्मुज जलडमरूमध्यको सुरक्षा तथा निगरानी गरिरहेको जानकारी दिनुभएको छ । उहाँका अनुसार उक्त महत्वपूर्ण समुद्री मार्गबाट जहाजहरूको आवागमन इरानी निकायहरूको समन्वय र स्वीकृतिमा आधारित रहनेछ ।

उहाँले होर्मुज जलडमरूमध्यको व्यवस्थापन इरानको अधिकार क्षेत्रभित्र पर्ने विषय भएको उल्लेख गर्दै वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै आवश्यक सुरक्षा उपायहरू अपनाइएको बताउनुभयो । साथै, इरानको इस्लामिक रिभोलुसन गार्ड कोर्प्स (आइआरजीसी) र राष्ट्रिय सेनाले संयुक्त रूपमा उक्त क्षेत्रमा निगरानी तथा सुरक्षा व्यवस्थापन गरिरहेको पनि उहाँले जानकारी दिनुभयो ।

यसै क्रममा, इरानका उपविदेशमन्त्री हमिद घानबारीलाई उद्धृत गर्दै फार्स समाचार एजेन्सीले विभिन्न देशहरूले आफ्ना जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न इरानसँग कूटनीतिक माध्यममार्फत अनुरोध गरिरहेको जनाएको छ ।

इरानले फेब्रुअरी २८ देखि केही विशेष परिस्थितिका कारण उक्त क्षेत्रमा सुरक्षा व्यवस्था थप कडा बनाएको हो । यस निर्णयलाई क्षेत्रीय घटनाक्रमसँग सम्बन्धित रूपमा हेरिएको छ ।

होर्मुज जलडमरूमध्य विश्वव्यापी ऊर्जा आपूर्ति तथा अन्तर्राष्ट्रिय व्यापारका लागि अत्यन्त महत्वपूर्ण मार्ग मानिन्छ ।

# द्वन्द्व अन्त्यका लागि इरानको नयाँ प्रस्ताव

सिन्ह्वा

तेहरान । इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले संयुक्त राज्य अमेरिकासँग जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले तयार गरिएको नयाँ प्रस्तावबारे एशिया र युरोपका विभिन्न देशका आफ्ना समकक्षीहरूसँग जानकारी आदानप्रदान गर्नुभएको छ ।



शुक्रबार र शनिबार भएका छुट्टाछुट्टै टेलिफोन वार्ताहरूमा उहाँले टर्कीए, कतार, साउदी अरेबिया, इजिप्ट, इराक, अजरबैजान, रुस, दक्षिण कोरिया, जापान, फ्रान्स, इटाली लगायत देशहरूका अधिकारीहरूसँग क्षेत्रीय अवस्थाबारे छलफल गर्नुका साथै वासिङ्टनसँग सम्भावित युद्धविरामका विषयमा पनि कुराकानी गर्नुभएको बताइएको छ । साथै युरोपेली सङ्घका परराष्ट्र नीतिसम्बन्धी प्रमुखसँग पनि उहाँले परामर्श गर्नुभएको जनाइएको छ ।

इरानको विदेश मन्त्रालयद्वारा जारी वक्तव्यअनुसार अराघचीले अमेरिकी तथा इजरायली सैन्य गतिविधिहरूले फारसको खाडी र होर्मुज जलडमरूमध्य क्षेत्रमा असुरक्षा बढाएको बताउनुभएको छ । उहाँले इरानले युद्ध सुरु नगरेको दाबी गर्दै संयुक्त राज्य अमेरिकाले आफ्नो कडा नीति, धम्कीपूर्ण अभिव्यक्ति तथा उक्साउने कार्यहरू त्यागेमा इरान कूटनीतिक समाधानका लागि खुला रहेको स्पष्ट पार्नुभयो ।

उहाँले इरानका सशस्त्र बलहरू कुनै पनि सम्भावित खतराको सामना गर्न पूर्ण रूपमा तयार रहेको पनि उल्लेख गर्नुभयो । साथै, केही क्षेत्रीय देशहरूले कूटनीतिक पहललाई प्रोत्साहन दिँदै तनाव बढ्न नदिन खेलेको 'रचनात्मक भूमिका' को प्रशंसा गर्नुभएको छ ।

फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले तेहरानसहितका विभिन्न सहरहरूमा संयुक्त आक्रमण गरेका थिए, जसमा इरानका तत्कालीन सर्वोच्च नेता अली खामेनी, उच्च सैनिक कमाण्डर तथा सर्वसाधारण नागरिकहरूको ज्यान गएको थियो । त्यसको जवाफमा इरानले इजरायल र अमेरिकी स्वार्थ केन्द्रित क्षेत्रमा क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको थियो ।

अप्रिल ८ मा युद्धविराम लागू गरिएको भए पनि त्यसपछि इस्लामाबादमा इरानी र अमेरिकी प्रतिनिधिमण्डलबीच भएको वार्ता कुनै सहमतिमा पुग्न सकेन । इरानको सरकारी समाचार संस्थाले जनाएअनुसार इरानले नयाँ वार्ता प्रस्ताव पाकिस्तानमार्फत अगाडि बढाएको छ ।

# अलराउन्डर दीपेन्द्र उत्कृष्ट लयमा, १० खेलमा चार अर्धशतक र एक शतक



काठमाण्डु । नेपाली राष्ट्रिय टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी पछिल्लो समय उत्कृष्ट लयमा छन्।

उनी लयमा भएको कुरा तथ्यांक त देखाउँछ नै, उनी पनि आफू लयमा भएको स्वीकार गर्छन्।

दीपेन्द्रले शुक्रबार आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत युएईविरूद्ध शतक प्रहार गरे। एकदिवीय खेलमा दोस्रो पटक दीपेन्द्रले शतक प्रहार गरेको खेलमा नेपालले ६ रनले जित निकाल्यो।

खेलपछि दीपेन्द्रले टोलीका अरू ब्याटरले संघर्ष गरिरहेको बेलमा आफूले टोलीका लागि योगदान दिएकोमा खुसी व्यक्त गरे।

पछिल्ला दश खेलको (एकदिवसीय र टी-२०) विश्लेषण गर्ने हो भने दीपेन्द्रले एक खेलमा मात्र दोहोरो अंकमा रन प्रहार गर्न सकेका छैनन्। दशमध्ये उनी दुई खेलमा मात्र आउट भएका छन्, अरु बाँकी आठ खेलमा किन उनी अर्धशतक/शतक वा नटआउट रहेका छन्।

पछिल्ला १० खेलको तथ्यांक हेर्दा दीपेन्द्र ५० प्रतिशत खेलमा नटआउट रहेका छन्। १० इनिङ्समध्ये ५ पटक उनी क्रिजमा अविजित रहेका छन्, जसले उनी एक उत्कृष्ट 'फिनिसर' भएको र अन्तिमसम्म टिकेर खेल्न सक्ने क्षमता राख्छन् भन्ने पुष्टि गर्छ।

उनले खेलेका पछिल्ला १० खेलमध्ये ५० प्रतिशत खेलमा (५ खेलमा) ५० भन्दा बढी रन प्रहार गरेका छन् (४ अर्धशतक र १ शतक)। १० खेलको अवधिमा कुनै पनि ब्याट्सम्यानका लागि यो निकै उच्च स्तरको निरन्तरता हो।

१० मध्ये ९ खेलमा उनले दोहोरो अंकमा रन बनाएका छन्। क्यानडा विरुद्धको वार्म-अप खेलमा ९ रनमा नटआउट रहनु बाहेक अन्य सबै खेलमा उनले टिमका लागि उल्लेख्य योगदान दिएका छन्।

यो तथ्यांकले पनि दीपेन्द्र अहिलेसम्मकै उच्च लयमा रहेको देखाउँछ।

अर्कोतर्फ योबीचमा दीपेन्द्रले सामना गरेका सबै प्रतिद्वन्द्व उच्चस्तरका छन्।

गत माघमा भारतमा भएको आइसिसी टी-२० विश्वकपको अभ्यास खेलमा दीपेन्द्रले क्यानडाविरूद्ध नटआउट ९ रन जोडेका थिए। त्यसपछि दीपेन्द्रले विश्वकपमा इंग्ल्यान्डविरूद्ध २९ बलमा ४४ रन, इटालीविरूद्ध १७ रन, वेस्ट इन्डिजविरूद्ध ५८ रन र स्कटल्यान्डविरूद्ध नटआउट ५० रन बनाएका थिए।

विश्वकपमा उनले इटालीबाहेक सबै टोलीसँग उत्कृष्ट ब्याटिङ गरे। उनी विश्वकपमा नेपालका लागि लगातार दुई अर्धशतक बनाउने खेलाडी बन्नुका साथै सर्वाधिक छक्का प्रहार गर्ने खेलाडी समेत बनेका थिए।

त्यतिबेला नेपालका प्रशिक्षक स्टुअर्ट लसहित अरू खेलाडीले ब्याटिङ कसरी गर्ने भन्ने कुरा दीपेन्द्रलाई हेरेर सिक्नुपर्ने बताएका थिए। अरु ब्याटरले संघर्ष गरिरहेका बेलमा दीपेन्द्रको ब्याटबाट खुरुखुरू रन बनिरहेको थियो। यसको मुख्य कारण धैर्य गर्न सक्ने गुण र सर्ट सलेक्सन हो। कुन बलमा हान्ने र कुन बलमा नहान्ने दीपेन्द्रले राम्रोसँग बुझेको प्रशिक्षक लको भनाइ थियो।

विश्वकपबाट फर्किएपछि दीपेन्द्र पाकिस्तान सुपर लिगका लागि इस्लामाबाद युनाइटेडमा आबद्ध हुन गएका थिए। त्यहाँ उनले कुनै खेलमा मौका पाउन भने सकेनन्। त्यहाँको टोलीको वातावरण बुझ्ने मौका पाएका दीपेन्द्रले एक खेलमा भने फिल्डिङ गर्ने मौका पाएका थिए।

पाकिस्तान सुपर लिगको बीचैमा फर्किएका दीपेन्द्रले घरेलु मैदानमा सुरूमा युएईसँग टी-२० सिरिज खेले। सो सिरिजका लागि नेपाल क्रिकेट संघ (क्यान) ले उनलाई कप्तानको समेत नियुक्त गर्‍यो। पछिल्लो समय एकदिवसीय र टी-२० को छुट्टाछुट्टै टोली बनाउने रणनीति लिएको क्यानले दीपेन्द्रलाई टी-२० टोलीको कप्तान बनाएर त्यसको सुरुवात गरेको हो।

वर्षाले प्रभावित दुई खेलको टी-२० सिरिजको पहिलो खेलमा दीपेन्द्रले नटआउट ३२ रन बनाएका थिए। दोस्रो खेलमा उनले नटआउट २३ रन जोडे। सिरिजको पहिलो खेल युएईले जित्दा दोस्रो खेलमा नेपाल विजयी भएका थियो।

त्यसपछि सुरु भएको आइसिसी विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय सिरिजको सुरूवाती तीन खेलमा दीपेन्द्रको प्रदर्शन गज्जबको छ। उनले सुरुवाती दुई खेलमा अर्धशतक र तेस्रो खेलमा शतक प्रहार गरे।

युएईविरूद्धको पहिलो खेलमा ७५ रन बनाएका थिए। टोलीका अरू ब्याटर लगातार आउट हुँदा दीपेन्द्रले भने धैर्यपूर्वक ब्याटिङ गरेर टोलीको संकट टारेका थिए। जसका कारण नेपालले २०० रन बनाएको थियो भने उक्त रनकै कारण नेपालले खेल जितेको थियो।

ओमानविरूद्धको दोस्रो खेलमा नेपाल पराजित भए पनि दीपेन्द्र चुकेनन्। उनले ६० रन बनाएका थिए।

शुक्रबार युएईविरूद्ध शतक प्रहार गर्दा उनले पछिल्ला दश खेलमा पहिलो शतक प्रहार गर्न सफल भए।

'टोलीका अन्य खेलाडीहरूको भन्दा मेरो बढी रन बनिरहेको छ र टोलीका लागि योगदान दिन पाउँदा फाइदा पुगेको जस्तो लाग्छ,' दीपेन्द्र आफ्नो ब्याटिङ विषयमा भने, 'ब्याटिङमा कन्सिस्टेन्सी (निरन्तरता) आएको छ। खेलमा निकै फोकस भएकाले राम्रो भइरहेको छ। खेलमा उतारचढाव आइरहन्छ। जति खेलिन्छ त्यो टोलीका लागि हुन्छ।'

**दीपेन्द्रका पछिल्ला दश खेल**

युएईविरूद्ध - १०० रन - एकदिवसीय- लिग२ सिरिज
ओमानविरूद्ध - ६० रन - एकदिवसीय- लिग२ सिरिज
युएईविरूद्ध - ७५ रन - एकदिवसीय- लिग२ सिरिज
युएईविरूद्ध - २३८ रन - टी-२० - टीर२० सिरिज
युएईविरूद्ध - ३२८ रन - टी-२० - टीर२० सिरिज
स्कटल्यान्डविरूद्ध - ५०८ रन - टी-२० - टीर२० विश्वकप
वेस्ट इन्डिजविरूद्ध - ५८८ रन - टी-२० - टीर२० विश्वकप
इटालीविरूद्ध - १७ रन - टी-२० - टीर२० विश्वकप
इंग्ल्यान्डविरूद्ध - ४४ रन - टी-२० - टीर२० विश्वकप
क्यानडाविरूद्ध - ९८ रन- टी-२० - टीर२० विश्वकप वमअप


# युरोपमा अमेरिकी उपस्थितिको पुनरावलोकन

एपी

फ्लोरिडा । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार दिएको अभिव्यक्तिमा संयुक्त राज्य अमेरिकाले जर्मनीमा तैनाथ आफ्ना सैनिकहरूको सङ्ख्या उल्लेखनीय रूपमा घटाउने योजना अघि बढाइरहेको बताउनुभएको छ । उहाँले यो कटौती यसअघि सार्वजनिक गरिएको पाँच हजार सैनिक फिर्ताभन्दा अझ ठूलो हुने सङ्केत गर्नुभएको छ ।

राष्ट्रपति ट्रम्पका अनुसार अमेरिकाले जर्मनीमा आफ्नो सैन्य उपस्थिति 'धेरै ठूलो मात्रामा' घटाउनेछ । उहाँले पत्रकारहरूसँग कुरा गर्दै स्पष्ट रूपमा भन्नुभयो, "हामी ठूलो मात्रामा कटौती गर्दैछौं, र यो पाँच हजार भन्दा पनि धेरै हुनेछ ।"

यसअघि अमेरिकी रक्षा मन्त्रालयले जर्मनीबाट करिब पाँच हजार सैनिक फिर्ता गर्ने योजना सार्वजनिक गरेको थियो । तर राष्ट्रपति ट्रम्पको पछिल्लो अभिव्यक्तिले उक्त योजनाभन्दा अझ व्यापक सैन्य कटौती हुन सक्ने सङ्केत दिएको छ ।



जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियसले भने अमेरिकी सैनिकहरूको केही सङ्ख्या घटाउने निर्णय अपेक्षित रहेको बताउँदै युरोपेली देशहरूले आफ्नो रक्षा क्षमतामा थप जिम्मेवारी लिनुपर्नेमा जोड दिनुभएको छ । यद्यपि, उहाँले अमेरिका-युरोप सुरक्षा साझेदारी दुवै पक्षका लागि लाभदायक रहेको पनि उल्लेख गर्नुभयो ।

यस निर्णयले वासिङ्टनमा दुवै प्रमुख राजनीतिक दलका केही नेताहरूबाट आलोचना र चिन्ता उत्पन्न गरेको छ । कतिपयले यस्तो कदमले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई गलत सन्देश जाने चेतावनी दिनुभयो ।

यसैबीच, ट्रम्प प्रशासनले युरोपेली देशहरूको रक्षा र व्यापार नीतिप्रति असन्तुष्टि व्यक्त गर्दै आएको छ । विशेष गरी युरोपेली सङ्घसँगको व्यापार सम्झौता कार्यान्वयन नभएको आरोप लगाउँदै, आगामी दिनमा युरोपेली गाडी तथा ट्रकमा भन्सार कर वृद्धि गर्ने योजना पनि सार्वजनिक गरिएको छ ।

अमेरिकी सैनिकहरूको केही सङ्ख्या घटाउने निर्णय अपेक्षित रहेको बताउँदै युरोपेली देशहरूले आफ्नो रक्षा क्षमतामा थप जिम्मेवारी लिनुपर्नेमा जोड दिनुभएको छ ।

विश्लेषकहरूका अनुसार जर्मनीमा अमेरिकी सैनिक उपस्थिति लामो समयदेखि नाटो अन्तर्गत युरोपेली सुरक्षा संरचनाको महत्वपूर्ण आधार मानिँदै आएको छ । यस्तो अवस्थामा ठूलो मात्रामा सैनिक कटौतीले अमेरिका-युरोप सम्बन्ध र क्षेत्रीय सुरक्षा सन्तुलनमा प्रभाव पार्न सक्ने अनुमान गरिएको छ ।

# लेबनानको दक्षिणी क्षेत्रमा आक्रमण बढ्दै, दर्जनौं प्रभावित

सिन्ह्वा

बेरुत । दक्षिणी लेबनानमा शनिबार भएको इजरायली हवाई आक्रमण र सैन्य कारबाहीका क्रममा कम्तीमा ७ जनाको मृत्यु भएको छ भने अन्य केही व्यक्ति घाइते भएका छन् ।

स्थानीय स्वास्थ्य तथा सरकारी स्रोतका अनुसार आक्रमणहरू विभिन्न गाउँहरूमा भएका थिए, जहाँ घर, सवारी साधन र नागरिक संरचनाहरूलाई पनि क्षति पुगेको छ । यसै क्रममा इजरायली सेनाले सीमा नजिकको यारुन गाउँमा रहेको एक क्याथोलिक कन्भेन्टको भाग बुलडोजर प्रयोग गरी ध्वस्त पारेको छ । उक्त कन्भेन्ट पहिले खाली भइसकेको र युद्धका कारण त्यहाँ रहेका दुई ननहरू पनि विस्थापित भइसकेका थिए ।

इजरायलले उक्त कारबाहीलाई हिजबुल्लाहसँग सम्बन्धित पूर्वाधार नष्ट गर्ने अभियानको हिस्सा भएको बताउँदै, सो स्थानबाट विगतमा इजरायलतर्फ रकेट प्रहार गरिएको दाबी गरेको छ । साथै, इजरायली सेनाले भवन धार्मिक संस्था हो भन्ने जानकारी पाएपछि थप क्षति रोकिएको पनि जनाएको छ । तर लेबनानको क्याथोलिक चर्चले यी दाबी अस्वीकार गर्दै उक्त स्थान पूर्ण रूपमा धार्मिक, शैक्षिक र मानवीय उद्देश्यका लागि प्रयोग हुँदै आएको बताएको छ । चर्चका प्रतिनिधिहरूले धार्मिक स्थलहरूलाई सैन्य उद्देश्यका लागि प्रयोग गरिएको आरोप गलत भएको भन्दै कडा आपत्ति जनाएका छन् ।



यसैबीच, इजरायल र लेबनानको सशस्त्र समूह हिजबुल्लाहबीचको तनाव जारी छ, यद्यपि १७ अप्रिलदेखि युद्धविराम लागू भएको भनिएको छ । तर सीमा क्षेत्रमा दुवै पक्षबीच आक्रमण र प्रत्याक्रमण रोकिएको छैन । इजरायली सेनाले पछिल्लो २४ घण्टामा करिब ५० वटा हवाई आक्रमण गरी हिजबुल्लाहका पूर्वाधार र लडाकुहरूलाई लक्षित गरिएको दाबी गरेको छ । साथै, दक्षिणी लेबनानका ९ वटा गाउँका बासिन्दालाई सुरक्षा कारण देखाउँदै तत्काल स्थान खाली गर्न चेतावनी पनि दिइएको छ ।

# ‘मुन्दुम ट्रेल’का ‘गुराँस’ले तान्दै पर्यटक



खोटाङ । नेपाल सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्यमा पर्ने ‘मुन्दुम ट्रेल’ पदमार्गमा यतिबेला थरिथरिका गुराँस फुलेका छन् । मुन्दुम ट्रेल आसपासका एउटै वन तथा पाखामा विभिन्न रङ र प्रजातिका गुराँस ढकमक्क फुलेको देख्दा त्यहाँ पुग्ने जो कोही पनि लोभिन्छन् ।

मुन्दुम ट्रेल आसपासका हरिया वन तथा घाँसेमैदान क्षेत्रमा ढकमक्क भएर फुलेका गुराँसको रातो, सेतो र गुलाबी रङ मिसिँदा देखिने दृश्यले जो कोहीको मनलाई मोहित बनाउने गरेको छ ।

खोटाङको साकेला गाउँपालिका-३ खिदिमास्थित पर्यटकीयस्थल तावाभञ्ज्याङबाट सुरु भएको मुन्दुम ट्रेल आसपासका वनमा फुलेका लालीगुराँस, चिमाल तथा चाँप हेर्न यतिबेला आन्तरिक तथा बाह्य पर्यटक मुन्दुम ट्रेल आउने गरेको स्थानीयले बताएका छन् ।

हालै मात्र मुन्दुम ट्रेलको पदयात्रा पूरा गर्नुभएका हिँड्ने मान्छे उपनामले चिनिनुहुने दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल बजारका ओजनबाबु आचार्य नेतृत्वको टोलीले उक्त क्षेत्र निकै मनोहक रहेको बताएको छ ।

उक्त टोलीमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका लालबहादुर मगर ‘एलबी’, हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मिटारका सञ्जिव राई र साकेला गाउँपालिका-३ खिदिमाका सन्जित राई सहभागी हुनुहुन्थ्यो । मुन्दुम ट्रेलको चारदिने यात्रा पूरा गरेर फर्किएको टोलीले सामाजिक सञ्जाल फेसबुक तथा इन्स्टाग्राममा राखेका विभिन्न रङ र प्रजातिका गुराँसका तस्वीर अहिले धेरैको रोजाइमा परेको छ ।

हिँड्ने मान्छेको टोलीले खिचेर सार्वजनिक गरेका गुराँसका तस्वीरहरु जिल्लाका प्रकृतिप्रेमीले आफ्नो फेसबुकमा राख्दै मुन्दुम ट्रेलको वर्णन गरिरहेका छन् । सामाजिक सञ्जालमा सार्वजनिक भएका तस्वीरका प्रभावले झनै गुराँस अवलोकन गर्नका लागि मुन्दुम ट्रेल जाने अन्तरिक पर्यटकको सङ्ख्या बढ्दै गएको छ ।

मुन्दुम ट्रेल प्रकृतिको अनुपम उपहार भएकाले हरेक वर्ष कम्तिमा पनि दुई पटक वसन्त र शरद् ऋतुमा यात्रा गर्न जाने गरेको हिँड्ने मान्छेले बताउनुभएको छ । “मुन्दुम ट्रेलमा यतिबेला विभिन्न रङ तथा प्रजातिका गुराँस ढकमक्क भएर फुलेका हुन्छन् । अन्य ठाउँमा पाखामा गुराँस फुलेको पाइन्छ । तर, यहाँ घाँसे मैदानमै ढकमक्क भएर गुराँस फुलेको भेटिन्छ”, उहाँले भन्नुभयो, “शरद ऋतुमा लेकाली फूलहरु फुल्छन् । मुन्दुम ट्रेल प्रकृतिप्रेमीका लागि अनुपम उपहार हो । मुन्दुम ट्रेलमा ठूल्ठूला घाँसेमैदान छन् । त्यो अवलोकन गर्दा स्वर्गीय आनन्द आउँछ ।”

प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक सम्पदा र साहसिक पदयात्राको अद्वितीय सङ्गमका रूपमा स्थापित मुन्दुम ट्रेल क्षेत्र यतिबेला गुराँसले ढकमक्क ढाकिँदै झन् रमणीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । मुन्दुम ट्रेल आसपासका क्षेत्रमा पर्ने मैयुङका फाँटमा विभिन्न १८ प्रजातिका गुराँस पहिचान भएको र अझै यकीन तथ्याङ्क आउन बाँकी रहेको अनुसन्धानकर्ताले बताएका छन् ।

कामको थकान मेटाउन र प्रकृतिसँग रम्न फुर्सदको समय निल्नेबित्तिकै मुन्दुम ट्रेलमा जाने गरेको एलबी मगरले बताउनुभएको छ । “मुन्दुम ट्रेल जाँदा प्रकृतिसँग रम्न पाउनुका साथै चौँरीको दूध आफैँले तताएर खान पाइन्छ । त्यहाँका घाँसेमैदानमा पालिएका घोडासमेत चढ्न पाइन्छ”, उहाँले भन्नुभयो, “यसपटकको मुन्दुम ट्रेलको यात्रा झनै अविस्मरणीय रह्यो । त्यति धेरै रङ र प्रजातिका गुराँस पहिलो पटक प्रत्यक्ष अवलोकन गर्न पाउँदा आनन्दित महसुस भएको छ ।”

वसन्तऋतु सुरु भएसँगै आसपासका स्थानीय बासिन्दाले भैँडा, चौँरी र घोडा चरणका लागि मुन्दुम ट्रेल आसपासका घाँसेमैदानमा लाने गरेका छन् । मुन्दुम ट्रेल आसपासमा पर्ने मैयुङ, मेरुङ र धोद्रे क्षेत्रमा रहेका घाँसेमैदान भैँडापालनका लागि उपयुक्त ठाउँ भएकाले दर्जनौँ भैँडी चोक तथा चौँरीको गोठ हुने गरेको केपिलासगढी गाउँपालिका-१ फेदीका भैँडापालक लक्ष्मण साम्पाङ ‘समीप’ले बताउनुभएको छ ।

पूर्वीपहाडी जिल्ला खोटाङ, भोजपुर, सोलुखुम्बु तथा सङ्खुवासभा सीमामा पर्ने यो मुन्दुम ट्रेल किराँत समुदायको ऐतिहासिकतासँग सम्बन्धित छ । खोटाङ र भोजपुरको सीमामा पर्ने मुन्दुम ट्रेल तीन हजार १६५ मिटरको टेम्केडाँडा हुँदै मैयुङ, तीन हजार ७५० मिटरको साल्पापोखरी तथा चार हजार १६५ मिटरको सिलिचुङसम्म पुगेर टुङ्गिन्छ ।

पहाडैपहाडको चुचुरामा निर्माण गरिएको मुन्दुम ट्रेल पूरा गर्न विदेशीका लागि करिब १३ दिन तथा नेपालीका लागि दश दिन लाग्ने गरेको छ । वसन्त ऋतुमा हिमाल नजिकै पुगेर त्यसको सौन्दर्यमा रमाउन चाहने आन्तरिक तथा बाह्य पर्यटकका लागि ढकमक्क फुलेका गुराँस अवलोकन गर्दै यात्रा गर्दा थकानको महसुससमेत नहुने मैयुङ-टेम्क-साल्पा-सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष रमेश राईले जानकारी दिनुभएको छ ।

ठूल्ठूला घाँसेमैदान, फराकिला चौँरीखर्क तथा भेडीगोठका साथै घोडचढी अर्थात् घोडा चढ्न पाउनुले आन्तरिक तथा बाह्य पर्यटकलाई थप आकर्षित गर्दै आएको छ । पदमार्गमा अधिकांश किराँत समुदायका वस्तीहरु रहेको तथा उनीहरूको मौखिक ग्रन्थ ‘मुन्मुम’मा उल्लेखित किराती जीवनशैली, संस्कार र संस्कृतिबारे वर्णन गरिने भएकाले यो पदमार्गको नाम ‘मुन्दुम ट्रेल’ राखिएको हो ।

मैयुङको हाँसपोखरी क्षेत्रमा पाइने विभिन्न प्रजातिका चराचुरुङ्गी, रेडपाण्डा, थार, भिरमौरी तथा विभिन्न प्रजातिका जङ्गली जनावरसँग पनि त्यत्तिकै लुकामारी खेल्न पाइन्छ । डेढ दर्जनभन्दा बढी प्रजातिका गुराँस, चाँप, कटुस, लोक्ता, विविध जडीबुटी तथा घना जङ्गल अवलोकनमा रम्न पाइने यस क्षेत्रको अर्को आकर्षण हो ।

मानवबस्ती कम पाइने मुन्दुम ट्रेलमा पर्यटकको चहलपहल बढेसँगै उनीहरुका लागि स्थानीय गोठवालाले खाने तथा बस्ने व्यवस्था मिलाउने गरेका छन् । परम्परागत रुपमा सञ्चालन हुँदै आएको गोठलाई स्तरोन्नति गरेर गोठ-स्टे (गोठवास)को व्यवस्था मिलाएर स्थानीय परिकार, चौँरीको दूध, फापर, कोदो र गहुँको ढिँडो, लोकल कुखुरा, रायोको साग, आलु, सिमीलगायत स्थानीय उत्पादनलाई प्राथमिकता दिएका छन् । रासस

## सुनको मूल्य घट्यो, चाँदीको बढ्यो



काठमाण्डु । गत शुक्रबारको तुलनामा स्थानीय बजारमा आज सुनको भाउ घटेको छ भने चाँदीको मूल्य बढेको छ । सुन तोलामा रु एक हजारले घटेको छ भने  चाँदी रु ६५ ले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतबार छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९५ हजार १०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु पाँच हजार १० कायम भएको छ । गत शुक्रबार एक तोला छापावाल सुन रु दुई लाख ९६ हजार १०० र त्यति नै परिमाणको सेतो धातु रु चार हजार ९४५ मा किनबेच भएको थियो ।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमका अनुसार आइतबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ७५० र त्यति नै परिमाणको चाँदी ७५ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।रासस

## बारामा ७१ हजार ९२ मेट्रिकटन गहुँ उत्पादन




कलैया । जिल्लामा यस वर्ष किसानले खेती गरेको गहुँ बाली मौसम अनुकूल नभएकाले उत्पादनमा २० प्रतिशतले कमी आएको हो । जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार मौसम अनुकूल नहुँदा गहुँ उत्पादनमा १७ हजार ९८० मेट्रिकटनले कमी आएको हो ।

केन्द्रका प्रमुख राजनारायण साहले आर्थिक वर्ष २०८२/८३ मा किसानले २९ हजार हेक्टर क्षेत्रफलमा विभिन्न जातका गहुँखेती गर्दा प्रतिहेक्टर तीन दशमलव एक मेट्रिकटन उत्पादन हुनुपर्नेमा दुई दशमलव ४८ मेट्रिकटन भएको जानकारी दिनुभयो । उहाँका अनुसार चालु आवमा ७१ हजार ९२ मेट्रिकटन गहुँ उत्पादन भएको छ ।

उत्पादित गहुँ स्तरीय भएकाले कलैयासहित आसपासका बजारमा प्रतिक्विन्टल रु चार हजारका दरले बिक्री भएको केन्द्रका कृषि अर्थविज्ञ गणेश महराले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवमा रु चार अर्ब दुई करोड ५६ लाख ६० हजार बराबरको ९६ हजार ६२० मेट्रिकटन गहुँ उत्पादन भएको थियो । रासस

## काँकरभिट्टा नाकाबाट १६ अर्ब ८१ करोडको पेट्रोलियम पदार्थ आयात



भद्रपुर । चालु आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म पूर्वीनाका काँकरभिट्टाबाट रु १६ अर्ब ८१ करोड ३६ लाख ३० हजारको पेट्रोलियम पदार्थ आयात भएको छ ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी तथा भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार सो अवधिमा पेट्रोल, डिजेल, एलपी ग्यास, एटीएफ, कोइलालगायत वस्तु आयात भएका छन् । पेट्रोलियम पदार्थ आयातबाट चालु आवको नौ महिनामा रु सात अर्ब ४४ करोड ७८ लाख १८ हजार राजस्व सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।

कार्यालयको तथ्याङ्कअनुसार उक्त अवधिमा रु सात अर्ब ७५ करोड ९४ लाख मूल्यबराबरको ८३ हजार ४४८ किलोलिटर पेट्रोल आयात भएको छ । त्यसैगरी, रु पाँच अर्ब ८७ करोड १८ लाख मूल्यबराबरको ५५ हजार २४ किलोलिटर डिजेल आयात भएको छ ।

त्यसैगरी, रु एक अर्ब ९० करोड ५९ लाख मूल्यबराबरको १९ हजार १३६.६९३ मेट्रिक टन एलपी ग्यास, रु ५७ करोड ५१ लाख मूल्यबराबरको पाँच हजार ९८८ किलोलिटर एटीएफ तथा रु ७० करोड १२ लाख मूल्यबराबरको ३४ हजार ५२४.४९० मेट्रिक टन कोइला आयात भएको सूचना अधिकारी हुमागाईंले बताउनुभयो । रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०१/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

### तपसिल

**क्र.सं. शाखा कार्यालय : हरिवन, सर्लाही**

**१. ऋणीको नाम, ठेगाना**

**नाम : शुभम कपडा पसल**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग
प्रा.फ.र.नं. ३२३६/०७१/०७२, दर्ता मिति : २०७१/०६/१३, पान नं. ६०२६३१३५८, दर्ता मिति : २०७१/०७/०३
ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११, **प्रोप्राइटर : लाल बाबु साह रौनियार**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : लाल बाबु साह रौनियार**<br>ना.प्र.नं. ३६८९२००८, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५५/१२/२८<br>बाबुको नाम : राम बाबु साह रौनियार<br>बाजेको नाम : मोजे साह<br>ठेगाना : सर्लाही जिल्ला, भाँडसर गा.वि.स. वडा नं. ८<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ | **२. नाम : इन्द्रा देवी साह**<br>ना.प्र.नं. १९/२०८९/६६, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६७/११/०१<br>पतीको नाम : लाल बाबु साह रौनियार<br>ससुराको नाम : राम बाबु साह रौनियार<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ |

**३. नाम : शुभम कुमार साह**
ना.प्र.नं. १९-०२-७५-०२३१३, जि.प्र.का. सर्लाही, जारी मिति : २०७५/०५/२९
बाबुको नाम : लाल बाबु साह रौनियार, बाजेको नाम : राम बाबु साह रौनियार
ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ९, हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११

**धितोको विवरण**
इन्द्रा देवी साहको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ६ ख स्थित कित्ता नं. ५२२६ र ५२३८ को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-३-८ (ब.मि.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**२. ऋणीको नाम, ठेगाना**

**नाम : स्वाभिमान अस्पताल प्रा.लि.**
नेपाल सरकार, उद्योग, वाण्जिय तथा आपूर्ति मन्त्रलय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
दर्ता नं. १२५४४३ /०७१/०७२, दर्ता मिति : २०७१/०४/२८, पान नं. ६०२४०५४७४, दर्ता मिति : २०७१/०६/२२
ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११, **संचालक : बेनी बहादुर कार्की**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : गौरी शंकर महतो**<br>ना.प्र.नं. १९१७२४४०९६, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५३/०३/१२<br>बाबुको नाम : राम चरित्र महतो कोइरी<br>बाजेको नाम : राम जिवन महतो<br>ठेगाना : सर्लाही जिल्ला, ब्रह्मपुरी गा.वि.स. वडा नं. ७<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ | **२. नाम : बेनी बहादुर कार्कि**<br>ना.प्र.नं. ३६४११०९७१, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५२/०९/२०<br>बाबुको नाम : बद्री बहादुर कार्की<br>बाजेको नाम : तुला विक्रम कार्की<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ |
| **३. नाम : सुन्दर के.सी.**<br>ना.प्र.नं. २९९३, जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०५२/०४/०३<br>बाबुको नाम : शोवर्ण के.सी.<br>बाजेको नाम : मान बहादुर के.सी.<br>ठेगाना : मकवानपुर जिल्ला, दामन गा.वि.स. वडा नं. ६<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ | **४. नाम : कमल विक्रम कार्की**<br>ना.प्र.नं. ३६४११६८४, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६०/०७/२९<br>बाबुको नाम : भैरव बहादुर कार्की<br>बाजेको नाम : तुला विक्रम कार्की<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ |

**धितोको विवरण**
१. स्वाभिमान अस्पताल प्रा.लि. को नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन वडा नं. ५/क र ६/क स्थित कित्ता नं. १०७४ र १५७२ को क्षेत्रफल क्रमशः ०-७-०-० र ०-३-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. वेनी बहादुर कार्किको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन वडा नं. ७/ख स्थित कित्ता नं. ७५९ को क्षेत्रफल ०-३-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| ३. | **नाम : भिम बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. ३६४१९५०९, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०४६/०९/०५<br>बाबुको नाम : बल बहादुर विश्वकर्मा<br>बाजेको नाम : जित बहादुर विश्वकर्मा<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन वडा नं. ९ | **नाम : इश्वर बहादुर वि.क.**<br>ना.प्र.नं. १९२०८९/१२५७, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६६/०१/२२<br>बाबुको नाम : भिम बहादुर विश्वकर्मा<br>बाजेको नाम : बल बहादुर विश्वकर्मा<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन वडा नं. ९ |

**धितोको विवरण**
भिम बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ६/क स्थित कित्ता नं. ४१८ को क्षेत्रफल ०-०-१० ब.मि. भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : रुपनी, सप्तरी**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : जागेश्वर चौधरी**<br>ना.प्र.नं. ६२६८८५५२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५१/०४/०७<br>बाबुको नाम : विजल प्रसाद चौधरी<br>बाजेको नाम : अमृतलाल चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, भंगाहा वडा नं. ७<br>हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १ | **नाम : रम्भा कुमारी चौधरी**<br>ना.प्र.नं. ३०५४, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६२/०६/११<br>पतिको नाम : जागेश्वर चौधरी<br>ससुराको नाम : विजल प्रसाद चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, भंगाहा वडा नं. ७<br>हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १ |

**धितोको विवरण**
जागेश्वर चौधरीको नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ७ ख स्थित कित्ता नं. ११५८, ११५६ र ११५४ को क्षेत्रफल क्रमशः ०-९-०, ०-१-१९.५ र ०-१-१७ (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : गोलबजार, सिरहा**

**१. ऋणीको नाम, ठेगाना**

**नाम : रन्जना जनरल पसल**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहा
प्रा.फ.र.नं. १२८१३/२०७७/०७८, दर्ता मिति : २०७७/०७/१८, पान नं. ६१४१४७५७५, दर्ता मिति : २०७७/०७/१८
ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६, **प्रोप्राईटर : रन्जना लामा**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : रन्जना लामा**<br>ना.प्र.नं. १५-०१-७२-०१३६०, जि.प्र.का. सिरहा<br>जारी मिति : २०७२/०३/०७<br>पतिको नाम : सुनिल कुमार लामा<br>ससुराको नाम : मदन तामाङ्ग<br>ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ | **२. नाम : सुनिल कुमार लामा**<br>ना.प्र.नं. ११९, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६१/०५/०१<br>बाबुको नाम : मदन तामाङ्ग<br>बाजेको नाम : ऐतलाल तामाङ्ग<br>ठेगाना : सिरहा जिल्ला, असनपुर न.पा. वडा नं. ७<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ |

**२. ऋणीको नाम, ठेगाना**

**नाम : रवि एण्ड सरोज जनरल स्टोर**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा
दर्ता नं. १०५०६/२०७६/०७७, दर्ता मिति : २०७६/०४/२३, पान नं. ६११२७३८९१, दर्ता मिति : २०७६/०४/२४
ठेगाना : सिराहा जिल्ला, नैनपुर वडा नं. २ ख, हाल : सिराहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १०
**प्रोप्राईटर : सरिता वर्देवा राम**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : महेश कुमार राम**<br>ना.प्र.नं. १३१४२२७३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५७/१०/१५<br>बाबुको नाम : हरिया चमार<br>बाजेको नाम : चुलहाई चमार<br>ठेगाना : सिरहा जिल्ला, धनगढी वडा नं. ७<br>हाल  : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १० | **२. नाम : सरिता वर्देवा राम**<br>ना.प्र.नं. १५-०१-७३-०१४१२, जि.प्र.का. सिरहा<br>जारी मिति : २०७३/०२/१८<br>पतिको नाम : महेश कुमार राम<br>ससुराको नाम : हरिया चमार<br>ठेगाना : सिरहा जिल्ला, धनगढीमाई वडा नं. ९<br>हाल : सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. १० |

**धितोको विवरण**
महेश कुमार रामको नाममा मालपोत कार्यालय लहानमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, नैनपुर वडा नं. २ ख स्थित कित्ता नं. ३२२ को क्षेत्रफल ०-०-१०-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : परवानीपुर, बारा**

**१. ऋणीको नाम, ठेगाना**

**नाम : लक्ष्मी प्रसाद यादव**
ना.प्र.नं. ३४१०२२/७३९३, जि.प्र.का. पर्सा, जारी मिति : २०६६/०५/२४
बाबुको नाम : सुरेश राउत अहिर, बाजेको नाम : जंगाली राउत अहिर
ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १८, हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : सुरेश राउत अहिर**<br>ना.प्र.नं. ०६६१/१६०३१८६१५, जि.प्र.का. पर्सा<br>जारी मिति : २०४५/०१/२८<br>बाबुको नाम : जंगाली राउत अहिर<br>बाजेको नाम : गणेश राउत अहिर<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १८<br>हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५ | **२. नाम : मालती देवी अहिरीन**<br>ना.प्र.नं. ३४१०२२/८००, जि.प्र.का. पर्सा<br>जारी मिति : २०६४/०२/१६<br>पतिको नाम : सुरेश राउत अहिर<br>ससुराको नाम : जंगाली राउत अहिर<br>ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १८<br>हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५ |

**धितोको विवरण**
सुरेश राउत अहिरको नाममा मालपोत कार्यालय बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, उत्तर झिटकैया वडा नं. ४ स्थित कित्ता नं. ४३४ को क्षेत्रफल ०-३-१६१/२ (बिघा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| २. | **नाम : शान्ती देवी कानु**<br>ना.प्र.नं. ३४-०१-७०-१२६२६, जि.प्र.का. पर्सा<br>जारी मिति : २०७०/११/१९<br>पतिको नाम : मदन साह कानु<br>ससुराको नाम : मोती साह कानु<br>ठेगाना : पर्सा जिल्ला, भवानीपुर वडा नं. ७<br>हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १८ | **नाम : मदन साह कानु**<br>ना.प्र.नं. ११५४२६०६, जि.प्र.का. पर्सा<br>जारी मिति : २०६०/०५/१०<br>बाबुको नाम : मोती साह कानु<br>बाजेको नाम : सत्य नारायण साह कानु<br>ठेगाना : पर्सा जिल्ला, भवानीपुर वडा नं. ७<br>हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १८ |

**धितोको विवरण**
शान्ती देवी कानुको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, भवानीपुर वडा नं. ६ स्थित कित्ता नं. ४३९ को क्षेत्रफल ०-३-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : हरिवन, सर्लाही, फोन नं. ०४६-५३००८३, रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
गोलबजार, सिरहा, फोन नं. ०३३-५४०५२५, परवानीपुर, बारा, फोन नं. ०५१-४१००३१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# 'महेन्द्र राजमार्ग हटाऊ'

टुडे समाचारदाता



जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष सिके राउतले बालेन्द्र शाह नेतृत्वको सरकारले चलाइरहेको डोजर अभियानलाई लिएर आलोचना गरेका छन् ।

उनले सामाजिक सञ्जालमार्फत 'अतिक्रमण' र बस्ती हटाउने विषयमा व्यंग्यात्मक टिप्पणी गर्दै "खोला किनार भएकै कारण बस्ती खाली गराउने हो भने महेन्द्र राजमार्ग आसपासका शहर तथा बस्ती पनि खाली गर्नुपर्ने" तर्क अघि सारेका छन् ।

उनका अनुसार ऐतिहासिक रूपमा जंगल क्षेत्र रहेको स्थानमा अहिले बनेका बस्तीहरूलाई पनि सोही तर्कका आधारमा हटाउनुपर्ने अवस्था आउनेछ । उनले काठमाडौं उपत्यकाको उदाहरण दिँदै "यो क्षेत्र प्राचीन समयमा ताल रहेको मानिन्छ, त्यसैले त्यहाँ बनेका संरचना पनि अतिक्रमणको रूपमा व्याख्या गर्न सकिन्छ" भन्दै व्यंग्यनात्मक आलोचना गरेका छन् । उनले स्वयम्भूनाथ सहितको क्षेत्रलाई उल्लेख गर्दै यस्ता ऐतिहासिक पृष्ठभूमिलाई कसरी व्याख्या गर्ने भन्ने प्रश्न उठाएका छन् ।

त्यस्तै, उनले पोखरा लगायतका अन्य शहरहरू पनि प्राकृतिक वा ऐतिहासिक संरचनामाथि विकसित भएको उल्लेख गर्दै "सबै क्षेत्र खाली गर्ने हो भने मानव बस्तीको वर्तमान स्वरूप नै प्रश्नमा पर्ने" बताएका छन् ।

राउतले चुरे क्षेत्र, झापा, चितवन, दाङ, कैलाली र कञ्चनपुर जस्ता क्षेत्रहरूमा बसोबास र भूमि उपयोगको विषयलाई समेत जोड्दै 'अतिक्रमण' को परिभाषा र प्रयोगमा स्पष्टता आवश्यक रहेको बताएका छन् ।

उनको भनाइमा, "इतिहास र विकासक्रम नबुझी अहिलेको अवस्थालाई मात्र आधार मानेर अतिक्रमणको परिभाषा गर्ने प्रवृत्ति समस्या हो।" उनले सामाजिक विभाजन र वर्गीय दृष्टिकोणले पनि यस्तो बहसलाई प्रभावित गर्ने बताएका छन् । राउतको उक्त अभिव्यक्ति सामाजिक सञ्जालमा व्यापक चर्चा र बहसको विषय बनेको छ ।

उनले यसअघिको सामाजिक सञ्जाल पोष्टमा सरकारलाई 'विवेकहिन बुख्याचा' को संज्ञा दिँदै उनले आलोचना गरेका गर्दै प्रधानमन्त्री बालेनलाई अविवेकी, जिम्मेवार र उत्तरदायी नेतृत्व तथा बुख्याचा र लोकप्रियतावादी नेतृत्व बीच फरक हुने टिप्पणी गरेका थिए ।

उनी लेख्छन्, 'बुख्याचा आफैंले केही निर्णय गर्न सक्ने होइन, आफ्नो दिमाग नै हुँदैन । नवधनाढ्य वा विदेशीलाई जगिङ पार्क वा महँगा गाडी हुँइकिन सीधा सडक चाहियो भनेर 'माथिबाट' के आदेश आउँछ, केको लागि खटाइन्छ, वा केमा बढी लाइक-शेयर-कमेन्ट आउँछ, केले भीड आकर्षित हुन्छ, के गर्दा चर्चा-परिचर्चा हुन्छ- उसले त्यत्ति हेर्ने हो । के नैतिक हो, के ठीक हो, के जिम्मेबारपूर्ण हो, के विवेकपूर्ण हो, के मानवतावादी हो- यो सबै कुरा बुख्याचा नेतृत्वको हैसियतको कुरा हुँदैन ।'

# मधेशको खानेपानी समस्याप्रति समितिमा आलोचना

टुडे समाचारदाता



जनकपुरधाम । राष्ट्रिय सभा अन्तर्गतको 'विकास, आर्थिक मामिला तथा सुशासन समिति' मा मधेश प्रदेशमा व्याप्त खानेपानीको चरम अभाव र स्वच्छताको संकटलाई लिएर सरकारको चर्को आलोचना भएको छ ।

समितिको बैठकमा सांसदहरूले मधेशको खानेपानी समस्यामा सरकारले देखाएको उदासीनता र 'कागजी तथ्यांक' मा मात्रै सीमित रहेको भन्दै सरकारको कार्यशैलीप्रति गम्भीर असन्तुष्टि व्यक्त गरेका छन् ।

बैठकमा नेपाली कांग्रेसकी सांसद तथा राष्ट्रियसभा संसदीय दलकी नेता कमलादेवी पन्तले सरकारको दाबीमाथि नै गम्भीर प्रश्न उठाइन् ।

"सरकारले ९५ प्रतिशत नागरिकको पहुँचमा पिउने पानी पुगेको भन्दै तथ्यांकको व्यापार गरिरहेको छ, तर वास्तविकतामा २४ प्रतिशत नागरिकले मात्र स्वच्छ खानेपानी पाइरहेका छन्," पन्तले भनिन्। मधेशका आठ जिल्लामा मात्रै करिब १२ लाख नागरिक अझै पनि सुरक्षित खानेपानीबाट वञ्चित हुँदा समेत सरकार गम्भीर नभएको भन्दै उनले आक्रोश व्यक्त गरेकी थिइन ।

सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले समेत सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका छन्। नेकपाका सांसद घनश्याम रिजालले गत वर्ष मधेशले व्यहोरेको खडेरीलाई बिर्सेको भन्दै सरकारले तत्कालीन र दीर्घकालीन दुवै खालका योजना ल्याउन नसकेको टिप्पणी गरे ।

लोसपाका सांसद महन्थ ठाकुरले मधेशको खानेपानी समस्यामा राज्यले दशकौंदेखि 'सौतेनी व्यवहार' गर्दै आएको आरोप लगाए । उनले भने तथ्यांकमा मधेशमा पानीको हाहाकार नरहेको देखाएर राज्य पक्षले सौतेनी व्यवहार गर्दै आएको छ । जबकि वास्तवमा मधेशमा पानीको खडेरी नै छ ।'

त्यस्तै, नेकपाकी सावित्री मल्लले मधेशका विद्यालयहरूमा समेत विद्यार्थीले पिउने पानी नपाएको अवस्थाप्रति ध्यानाकर्षण गराइन् । सांसद भुवनबहादुर सुनारले भूमिगत पानीको गुणस्तरमाथि नै प्रश्न उठाउँदै शुद्धीकरणको तत्काल व्यवस्था गर्न माग गरेका छन् ।

एमालेकी सम्झना देवकोटाले पहाडी क्षेत्रको खानेपानी तथा सिँचाइ समस्यालाई पनि उत्तिकै प्राथमिकता दिनुपर्नेमा जोड दिइन् । समिति सभापति कृष्णप्रसाद पौडेलले शिक्षा, स्वास्थ्य र खानेपानीजस्ता आधारभूत मौलिक अधिकारबाटै मधेशवासी वञ्चित रहनु राज्यको असफलता भएको निष्कर्ष निकालेका छन् ।

"मधेशका समस्या समाधानमा सरकारको उदासीनता कुनै पनि हालतमा क्षम्य छैन," सभापति पौडेलले भने, "अध्ययनका नाममा समस्या पन्छाउने र कार्यान्वयनमा ढिलाइ गर्ने पुरानो रोग त्यागेर तत्काल कार्ययोजनासहित अघि बढ्न निर्देशन दिन्छौं ।"

यस विषयमा खानेपानी मन्त्रालयका सहसचिव रमाकान्त ढुवाडीले मन्त्रालयले समस्या समाधानका लागि अध्ययन गरिरहेको र सोही आधारमा समाधानको बाटो खोजिने प्रतिबद्धता जनाएपनि सांसदहरूले अध्ययनका नाममा समस्या पन्छाउने कामले मधेशको प्यास नमेटिने भन्दै बजेट र कार्यक्रममा नै उच्च प्राथमिकता दिन माग गरेका थिए ।

> "अध्ययनका नाममा समस्या पन्छाउने र कार्यान्वयनमा ढिलाइ गर्ने पुरानो रोग त्यागेर तत्काल कार्ययोजनासहित अघि बढ्न निर्देशन दिन्छौं ।"

# बाढीले बाटो बगाउंदा स्थानीयलाई सास्ती

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका र ईश्वरपुर नगरपालिकाको चुरेवर्ती क्षेत्रमा पर्ने खोलाको बाटो बाढीले पुनः बगाउँदा स्थानीयलाई सास्ती भएको छ ।

शुक्रबार दिउँसोको भीषण वर्षापछि लखन्देखी, डाइनी, फूलजोर, कालिन्जोर र बाँकेखोलाको बाटो तेश्रो पटक बगाएको हो । पानी नपर्दा यहाँको खोला बगरबाट बस सञ्चालन हुँदा स्थानीयवासीलाई लालबन्दी बजारसम्म बजार भर्न र औषधी उपचारका लागि आउन सहज हुने गरेको छ ।

बाढीले खोलाको बाटो पूर्ण रूपमा बगाएपछि चुरे जाने बस सञ्चालन हुन नसकेको बस व्यवसायी एवं लालबन्दी नगरपालिका-१४, नारायणखोलाका वडाध्यक्ष छेनामसिंह घिसिङले जानकारी दिएका छन् । स्थानीय लालबन्दी बजारसम्म आउनुपर्दा गाडी चल्ने चुरेफेदीका गाउँसम्म अहिले पैदल नै यात्रा गर्नु परिरहेको छ ।

पानी पर्न रोकिएपछि केही मोटरसाइकल र ट्र्याक्टर सञ्चालन भए पनि बस भने दुई/चार दिन सञ्चालन नहुने घिसिङले बताए । मौसम पूर्ण रूपमा उघ्रिएर पानी पर्न रोकिएपछि खोलाको बाटो मर्मत गरेर पुनः बस सञ्चालन गरिने व्यवसायीले बताएका छन् ।

वैशाखमै बस चलाउन छाड्दा स्थानीयलाई सास्ती हुने भएकाले बर्खामास सुरु नहुन्जेल बाटो मर्मत गरेर बस सञ्चालन गरिने वडाध्यक्ष घिसिङको भनाइ छ । सिन्धुलीसँग सीमा जोडिएको सर्लाहीको चुरेवर्ती विकट क्षेत्रबाट गाडी चल्ने ठाउँ अर्थात् चुरेफेदीसम्म आउन तीन/चार घण्टा पैदल हिँड्नुपर्ने बाध्यता छ ।

बाढी आएर खोलाको बाटो बिगार्दा मोटरसाइकल, एम्बुलेन्सलगायत कुनै पनि सवारी साधन सञ्चालन हुन नसक्दा स्थानीयवासीलाई आपत्विपत् र आकस्मिक बिरामी पर्दा असाध्यै समस्या हुने गरेको छ । लालबन्दी नगरपालिका-१३, १४ र १५ तथा ईश्वरपुर नगरपालिका १२ को चुरेवर्ती क्षेत्र सडक सञ्जालमा जोडिएका छैनन् ।

# महिलामाथि अमानीयय व्यवहार

टुडे समाचारदाता



रौतहट । रौतहटको कटहरिया नगरपालिकामा बोक्सीको आरोपमा एक दलित महिलामाथि अमानवीय व्यवहार गरिएको घटना सार्वजनिक भएको छ ।

कटहरिया-९ निवासी करिब ५५ वर्षीया पूर्व वडा सदस्य अंकलिया देवी मुसहरलाई स्थानीय केही व्यक्तिहरूले बलपूर्वक मानव मलमूत्र ख्वाएको आरोप लगाइएको छ ।

छिमेकी पुकार माझीको घरमा बिहेको अवसरमा आएका जन्तीमध्ये एक १० वर्षीय बालकले अचानक वान्ता गरेका थिए । त्यसलाई निहुँ बनाएर बालकलाई जादुटुना गरिएको आरोप लगाउँदै १५-२० जनाको समूह पीडितको घरमा प्रवेश गरी कुटपिटसमेत गर्दै उनलाई मलमूत्र ख्वाएको पीडितकी छोरी सुमिला देवीले बताएकी छिन् ।

उनका अनुसार घटनाका बेला घरमा आमा-छोरी मात्रै थिए । "साँझ करिब ७ बजेतिर एक्कासि समूह घरभित्र पस्यो, आमा समातेर बियरको बोतलमा घोलेको मलमूत्र जबर्जस्ती ख्वायो," उनले भनिन्, "विरोध गर्दा हामीमाथि हातपात पनि भयो ।"

घटनापछि इलाका प्रहरी कार्यालय कटहरियाबाट सई मोहन आले मगरको नेतृत्वमा पुगेको टोलीले पीडितको उद्धार गरेको थियो । अचेत अवस्थामा रहेकी महिलालाई प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गराइएको र अहिले अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घटनामा संलग्नलाई पक्राउ गर्न जाँदा स्थानीय बासिन्दाले प्रहरी टोलीमाथि नै आक्रमणको प्रयास गरेका थिए । त्यसपछि थप सुरक्षाका लागि इलाका प्रहरी कार्यालय गरुडाबाट समेत टोली परिचालन गरिएको छ ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकरप्रसाद आचार्यले घटनाको अनुसन्धान तीव्र पारिएको र दोषीमाथि कानुनबमोजिम कडा कारबाही गरिने बताएका छन् ।

स्थानीय मुसहर समुदायमा बिहेपछि 'सरियतिया' जाने चलन रहेको छ, जसअन्तर्गत बेहुली पक्षबाट जन्ती फर्केर आउँदा भोज तथा मदिरा सेवन गर्ने प्रचलन छ । सोही क्रममा भएको घटनाले समुदायमा त्रास र आक्रोशको माहोल बनेको छ ।

# विज्ञापन नीतिको विरोध



टुडे समाचारदाता

जनकपुरधाम । 'शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन' नारासहित नेपाल पत्रकार महासंघ धनुषाले आइतवार विभिन्न कार्यक्रम गर्दै विश्व प्रेस स्वतन्त्रता दिवस मनाएको छ ।

दिवसको अवसरमा महासंघले जनकपुरधाम नगर क्षेत्रमा प्रभातफेरी आयोजना गरी पदयात्रा गरेको थियो । सञ्चारकर्मीहरूको सहभागितामा भएको उक्त कार्यक्रममा प्रेस स्वतन्त्रताको महत्वबारे जनचेतना फैलाउने प्रयास गरेको आयोजकले जनाएको छ ।

प्रभातफेरीपछि आयोजित अन्तरक्रिया कार्यक्रममा 'प्रेस स्वतन्त्रता र वर्तमान पत्रकारिताको अवस्था' विषयमा अन्तरक्रिया गरिएको थियो ।

कार्यक्रममा वक्ताहरूले सरकारले सरकार निकायले सरकारी सञ्चार माध्यमलाई मात्रै विज्ञापन प्रकाशन/प्रसारण गर्न पाउने नयाँ नितीको विरोध गर्दै विज्ञापनमाथि लगाइएको अंकुश तत्काल खुल्ला गर्नुपर्नेमा जोड दिएका थिए। उनीहरुले नयाँ विज्ञापन नीतिको विरोध बारे पत्रकार महासंघ समेत मौन देखिएको भन्ने आलोचना समेत गरेका थिए ।

अन्तरक्रियामा सहभागी पत्रकारहरुले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संवैधानिक अधिकार भएको उल्लेख गर्दै यसलाई कुण्ठित गर्ने कुनै पनि प्रयास स्वीकार्य नहुने बताएका थिए। उनीहरूले लोकतन्त्र सुदृढीकरणका लागि स्वतन्त्र र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेकोमा जोड दिएका थिए ।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशका प्रमुख बुद्धनारायण सहनी, महासंघ मधेशका महासचिव शैलेन्द्र महतो, मधेशी पत्रकार समाज धनुषाका अध्यक्ष सुभाष कर्ण, प्रेस युनियन धनुषाका अध्यक्ष राजन सिंह र पत्रकार घनश्याम मिश्र लगायत पत्रकारसँग संघ संस्थाका प्रतिनिधिहरुले आ आफ्ना धारणा राखेका थिए ।

# उम्मेदवार छनोटमा रास्वपाको कडाई



टुडे समाचारदाता

जनकपुरधाम । आगामी स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै उम्मेदवार छनोट प्रक्रियामा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले कडाइ गर्ने निर्णय गरेको छ ।

अब रास्वपाबाट उम्मेदवार बन्न चाहने सदस्यहरूले 'क्यान्डिडेट क्लब'र 'लिडरसिप एकेडेमी'बाट अनिवार्य रूपमा उत्तीर्ण हुनुपर्ने व्यवस्था गरिएको छ । पार्टी प्रवक्ता मनिष झाका अनुसार आइतबार बसेको सचिवालय बैठकले उक्त प्रस्ताव पारित गरेको हो । उनले पार्टीलाई व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धी बनाउन यस्तो प्रावधान लागू गरिएको बताए ।

रास्वपाले पार्टी स्थापना कालदेखि नै विधानमा 'उम्मेदवार क्लब'को अवधारणा समावेश गरेको थियो । विधानको भाग-१९, धारा-६३ अनुसार सबै तहका निर्वाचनमा उम्मेदवारी दिन इच्छुक व्यक्तिका लागि सम्बन्धित तहमा उम्मेदवार क्लब गठन हुने व्यवस्था छ । सो क्लबको गठन, सञ्चालन, प्रशिक्षण र मूल्यांकनसम्बन्धी कार्यविधि नियमावली वा केन्द्रीय समितिले तोक्नेछ ।

यसअघि पार्टीले सहमहामन्त्री विपिनकुमार आचार्यलाई उम्मेदवार क्लबका लागि आवश्यक संरचना तयार पार्ने जिम्मेवारी दिएको थियो । आचार्य नेतृत्वको टोलीले आवश्यक तयारी पूरा गरी वडा तहदेखि केन्द्रीय तहसम्मका कमिटी, विभाग र आयोगसँग परामर्शसमेत लिएको जनाएको छ ।

पार्टीका नेताहरूका अनुसार उम्मेदवार क्लब र लिडरसिप एकेडेमीमार्फत स्थानीय तहका सम्भावित उम्मेदवारलाई प्रशिक्षण दिँदै उनीहरूको क्षमता परीक्षण गरिनेछ । यसले उम्मेदवार छनोट प्रक्रियालाई थप पारदर्शी र उत्तरदायी बनाउने विश्वास लिइएको छ ।

सो बैठकमा पार्टी सभापति रवि लामिछानेलाई आचार्य नेतृत्वको समितिले 'उम्मेदवार छनोट रूपरेखा २०८३' को मस्यौदा पनि बुझाएको छ । उक्त मस्यौदाले आगामी निर्वाचनमा रास्वपाको उम्मेदवार चयन प्रक्रिया कस्तो हुने भन्ने स्पष्ट दिशा तय गर्ने विश्वास गरिएको छ ।

# मन्त्रालय घटाउने प्रक्रिया शुरु

टुडे समाचारदाता



जनकपुरधाम । सरकारले संघीय मन्त्रालयहरूको संख्या घटाउँदै १७ पुऱ्याउने प्रक्रिया अघि बढाएको छ । प्रशासनिक सुधारअन्तर्गत ४ वटा मन्त्रालय खारेज गर्ने र ६ वटाको नाम परिवर्तन गर्ने योजना अघि बढाइएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय निकट स्रोतका अनुसार हालको संरचनामा व्यापक हेरफेर गर्दै मन्त्रालयहरूको संख्या १७ मा सीमित गर्ने लक्ष्य राखिएको छ । यसका लागि गठित कार्यदलको सिफारिसका आधारमा काम भइरहेको बताइएको छ ।

सरकारले युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ, शहरी विकास तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय खारेज गर्ने तयारी गरेको छ । यीमध्ये केही मन्त्रालयका कार्यक्षेत्रलाई पुनः व्यवस्थापन गर्दै अन्य मन्त्रालयमा गाभिनेछ भने केही जिम्मेवारी प्रधानमन्त्री कार्यालय मातहत ल्याइनेछ ।

युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको खेलकुद क्षेत्रलाई शिक्षा मन्त्रालयमा गाभेर 'शिक्षा तथा खेलकुद मन्त्रालय' बनाइनेछ । युवासम्बन्धी विषयलाई भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सामाजिक सुरक्षा क्षेत्रसँग समायोजन गरी 'लैंगिक समानता तथा सामाजिक विकास मन्त्रालय' गठन गर्ने तयारी गरिएको छ ।

त्यसैगरी, खानेपानी तथा सरसफाइ मन्त्रालय अन्तर्गतको सरसफाइ क्षेत्र स्वास्थ्य मन्त्रालयमा गाभिनेछ भने खानेपानी र शहरी विकासलाई भौतिक पूर्वाधार मन्त्रालयमा समेट्दै 'एकीकृत भौतिक पूर्वाधार मन्त्रालय' बनाइनेछ ।

भौतिक पूर्वाधार मन्त्रालयबाट यातायात क्षेत्रलाई छुट्याएर श्रम मन्त्रालय अन्तर्गत ल्याउने आन्तरिक तयारी पनि भइरहेको स्रोतले जनाएको छ ।

यसैबीच, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रधानमन्त्री कार्यालय मातहत ल्याइनेछ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिबी निवारण, सञ्चार मन्त्रालयबाट सूचना-प्रविधि तथा शिक्षा मन्त्रालयबाट विज्ञान-प्रविधि क्षेत्रलाई अलग गरी प्रधानमन्त्री कार्यालय अन्तर्गत राख्ने योजना रहेको छ ।

सरकारले सय दिने कार्ययोजना अन्तर्गत प्रशासनिक सुधारका कार्यक्रम कार्यान्वयन गर्दै मन्त्रालय संख्या घटाउने निर्णय लिएको हो । सम्भवतः यही साताभित्र पुनर्संरचना सम्बन्धी निर्णय औपचारिक रूपमा सार्वजनिक गरिने जनाइएको छ ।

सडक सुरक्षा
रात होस् वा दिन, नियम पालना,
सुरक्षित यात्रा हाम्रो कामना
मादक पदार्थ सेवन गरी गाडी नकुदाऔं,
आफ्नो र अरुको ज्यान बचाऔं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८